

# आर्थिक सर्वेक्षण २०७७/७८


आधारभूत मूल्यमा प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)



प्रदेश नं. १ का प्रमुख बालीहरूको उत्पादकत्व




प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)



प्रदेश नं. १ को जनसंख्याको स्थिति



प्रदेश नं. १ मा दर्ता भएका लघु घरेलु र साना उद्योग



प्रदेश नं. १ मा लगानी रुपमा स्वीकृत पुँजीको (करोडमा)



प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

# आर्थिक सर्वेक्षण

## २०७७/७८

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, बिराटनगर, नेपाल

# प्राक्कथन

आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म प्रदेश भित्रका अधिकांश आर्थिक, सामाजिक परिसूचकहरु समावेश गरी प्रदेशको आर्थिक सर्वेक्षण, २०७७/७८ प्रकाशनमा ल्याइएको छ । राष्ट्रिय अर्थतन्त्रको विद्यमान अवस्थालाई चित्रण गरी अर्थ मन्त्रालयबाट सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण, प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेशको पार्श्वचित्र, नेपाल राष्ट्र बैंक एवं सबै प्रदेशस्तरका मन्त्रालय तथा निकाय मार्फत प्राप्त द्वितीय तथ्यांकलाई प्रयोग गरी सरल र अर्थपूर्ण बनाउने प्रयास गरिएको छ । यस आर्थिक सर्वेक्षणमा प्रदेश र स्थानीय तहको आर्थिक एवम् सामाजिक गतिविधि लगायत आर्थिक एवम् वित्तीय स्थितिको एकीकृत विवरण प्रस्तुत गरिएको छ ।

प्रदेशमा आर्थिक सामाजिक गतिविधिहरुको विस्तारसँगै विकासको प्रतिफल नागरिक तहमा पुग्न थालेको छ । गत आर्थिक वर्षको कोभिड-१९ को महामारी तथा यस वर्षमा कोभिड-१९ को दोस्रो लहरको प्रतिकूलताको चित्रमा समग्र राष्ट्रिय अर्थतन्त्र प्रभावित रहेको छ भने प्रदेशमा पनि त्यसको प्रभाव रह्यो । चालु आर्थिक वर्षमा प्रदेश सरकारले कोरोना संक्रमितको उपचार, रोकथाम र नियन्त्रण, स्वास्थ्य पूर्वाधार निर्माण, क्षमता विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगेको छ । यसबाट नागरिकको जीवनरक्षालाई प्राथमिकतामा राख्दै आर्थिक गतिविधिमा सुधार बनाउन चुनौतीपूर्ण बन्दै गएको छ ।

प्रस्तुत आर्थिक सर्वेक्षणले प्रदेशको समग्र आर्थिक अवस्थालाई तथ्यांकीय आधार सहित चित्रण गर्ने हुँदा नेपाल सरकार, प्रदेश तथा स्थानीय तह लगायत अर्थतन्त्रमा अभिरुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यापारी लगायत सबै सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएको छु । आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सम्पूर्ण कर्मचारीहरु र सर्वेक्षणका लागि महत्वपूर्ण तथ्याङ्क एवम् सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सबै निकाय एवम् पदाधिकारीहरु सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जेठ, २०७८

टंक आङ्बुहाङ लिम्बू
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषय-सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | समग्र प्रादेशिक सामाजिक तथा आर्थिक स्थिति | ३ |
| ३. | सार्वजनिक वित्त | १४ |
| ४. | बैंक तथा वित्तीय क्षेत्र | १९ |
| ५. | गरिबी निवारण र रोजगारी | २४ |
| ६. | कृषि वन तथा भूमिसुधार | ३० |
| ७. | उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन | ३५ |
| ८. | भौतिक पूर्वाधार, यातायात तथा सञ्चार | ४० |
| ९. | सामाजिक क्षेत्र | ४४ |
| १०. | सार्वजनिक सेवा र सुशासन | ५२ |
| ११. | कोरोना रोकथाम, नियन्त्रण, उपचार, राहत तथा प्रभाव व्यवस्थापन | ५४ |

# तालिका सूची


तालिका नं. १.१ प्रदेशको भौगोलिक अवस्था १

तालिका १.२ प्रदेश परिचय तालिका २

तालिका नं. १.३ प्रदेशको जिल्लागत क्षेत्रफल २

तालिका २.१ प्रमुख समष्टिगत आर्थिक परिसूचकहरु ४

तालिका २.२ प्रदेश नं १ को कुल गार्हस्थ उत्पादनको औद्योगिक वर्गीकरण अनुसार योगदान ६

तालिका २.३ औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ उत्पादनमा प्रदेश नं १ को योगदान (प्रतिशतमा) ७

तालिका (२.४ ) प्रदेश नं. १ को आर्थिक तथा सामाजिक परिसूचक १०

तालिका (२.५ ) प्रदेश सरकारको कुल खर्चको प्रवृत्ति (रु.करोडमा) ११

तालिका (२.६): प्रदेश नं.१ को खर्चको अवस्था। (रु.करोडमा) ११

तालिका (२.७): प्रदेश नं. १ को स्थानीय तहको खर्चको प्रादेशिक तुलनात्मक विवरण (रु.करोडमा) १२

तालिका (२.८ ) प्रदेश नं. १ मा रहेका स्थानीय तहको राजस्व संकलन (रु.करोडमा) १२

तालिका (२.९ ) चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीमा प्रदेश नं. १ को उत्पादनको अनुमान (मेट्रिक टनमा) १२

तालिका ( २.१०): कुल वन क्षेत्रमा प्रदेश नं. १ को स्थिति १२

तालिका (२.११): प्रदेश नं. १ मा लघु, घरेलु तथा साना उद्योगहरुको विवरण (शुरु देखि २०७७ फागुनसम्म) १३

तालिका (२.१२): प्रदेशगत रुपमा दर्ता भएका कम्पनीहरुको विवरण १३

तालिका (२.१३): शैक्षिक सत्र २०७७ मा प्रदेश नं १ मा विद्यार्थी भर्नाको विवरण १३

तालिका नं. ३.१ प्रदेश सरकारको समग्र खर्चको स्थिति १४

तालिका ३.२ प्रदेश सरकारको स्रोत परिचालनको स्थिति १६

तालिका नं. ३.३ स्थानीय तहलाई अनुदान हस्तान्तरण विवरण १७

तालिका नं. ३.४ स्थानीय तहलाई सवारी साधन कर बाँडफाँटको विवरण १७

तालिका ३.५ प्रदेशको आन्तरिक राजस्वका प्रमुख स्रोतहरुको तुलनात्मक विवरण १८

तालिका ४.१ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या १९

तालिका ४.२ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको बैंकिङ्ग सेवाको अवस्था २०

तालिका ४.३ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको स्रोत तथा साधन परिचालन अवस्था २०

तालिका ४.४ बीमाकम्पनीको प्रदेशगत शाखा कार्यालयको विवरण २२

तालिका ४.५ प्रदेश नं. १ मा सञ्चालित सहकारी संस्थाको विवरण २३

तालिका नं (५.१) प्रदेश नं १ को बहुआयामिक गरिबीको स्थिती २५

तालिका नं (५.२) प्रदेश नं १ मा महिला रोजगारीको अवस्था २६

तालिका नं (५.३) ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत २८

तालिका नं (५.४) लिङ्ग एवं उमेरका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत २८

तालिका नं (५.५) लिङ्ग, उमेर तथा क्षेत्रका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत २८

तालिका ६.१ प्रमुख खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व ३०

तालिका ६.२ चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीको प्रदेशगत उत्पादनको अनुमान ३१

तालिका ६.३ जिल्लागत रुपमा सिँचाई सुविधाको अवस्था ३२

तालिका ६.४ जिल्लागत रुपमा जोन तथा सुपरजोनको विवरण ३३

तालिका ६.५ राष्ट्रिय उत्पादनमा वनको योगदान ३३
तालिका ६.६ प्रदेश नं. १ मा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरू ३४
तालिका ६.७ प्रदेशगत वन क्षेत्रको स्थिति ३४
तालिका ६.८ स्थानीय तहगत वन क्षेत्रको स्थिति (प्रतिशत) ३४
तालिका ७.१ प्रदेशमा रहेका लघु, घरेलु र साना उद्योगको संख्या ३५
तालिका ७.२ लघु, घरेलु तथा साना उद्योगहरूको प्रदेशगत विवरण (शुरु देखि २०७७ फागुनसम्म) ३६
तालिका ७.३ प्रदेशगत रूपमा दर्ता भएका कम्पनीहरूको विवरण (आर्थिक वर्ष २०७७/७८ फागुनसम्म) ३६
तालिका ७.४ प्रदेशमा विदेशी लगानी भएका उद्योगको संख्या ३६
तालिका ७.५ प्रदेशगत निर्यातको अवस्था ३७
तालिका ७.६ प्रदेशगत आयातको अवस्था ३७
तालिका ७.७ संघीय सरकारले प्रवर्द्धन गरेका प्रमुख १०० गन्तव्यमध्येका प्रदेशका १६ गन्तव्यहरू ३८
तालिका नं. ८.१ प्रदेश सरकारबाट भएका सडक तथा पुल निर्माणको अवस्था ४०
तालिका नं. ८.२ प्रदेश भित्रका राजमार्गहरू ४१
तालिका नं. ८.३ ऊर्जाका वैकल्पिक स्रोतहरू ४२
तालिका नं. ८.४ प्रदेशमा संचालित रेडियो र टि.भि.को विवरण ४३
तालिका नं. ९.१ प्रदेश भित्र संचालित विश्वविद्यालयहरू तथा आंगिक क्याम्पसको अवस्था ४४
तालिका नं. ९.२ प्रदेश नं. १ मा साक्षरता दर (प्रतिशतमा) ४५
तालिका ९.३ प्रदेश नं. १ का विभिन्न तहका विद्यालयको विवरण ४६
तालिका ९.४ सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात ४६
तालिका ९.५ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण ४६
तालिका ९.६ प्रदेश नं. १ को विद्यार्थी खुद भर्नादर (शैक्षिक वर्ष २०७७) ४७
तालिका ९.७ माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण विवरण (शैक्षिक वर्ष २०७६) ४८
तालिका ९.८ स्वास्थ्य बीमा सम्बन्धी विवरण ४८
तालिका ९.९ औसत आयु ४९
तालिका ९.१० बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ४९
तालिका ९.११ प्रदेश नं १ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसङ्ख्या ४९
तालिका ९.१२ स्वास्थ्य संस्थाको विवरण ५०
तालिका ९.१३ लैङ्गिक आधारमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था (प्रतिशतमा) ५१
तालिका ९.१४ खानेपानी तथा सरसफाईको अवस्था ५१
तालिका: ११.१ कोरोना रोकथाम तथा नियन्त्रणका लागि स्थापित क्वारेन्टाइन स्थलहरू ५४
तालिका ११.२ कोभिड-१९ को जिल्लागत विवरण ५५
तालिका:११.३ प्रदेशमा कोरोना संक्रमितहरूको विवरण ५७
तालिका: ११.४ कोरोना जनसुरक्षा कोषको विवरण ५७
तालिका ११.५ कोरोना जनसुरक्षा कोषको खर्चको विवरण ५८
तालिका: ११.६ विपद्का घटनामा २०७७ चैत मसान्त सम्म मृत्यु भएका नागरिकहरूको जिल्लागत विवरण ५८
तालिका:११.७ विपद् घटनाको प्रकृति अनुसार मृतकको विवरण ५९

# चार्ट सूची


चार्ट । २.१ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) * अनुमानित ५

चार्ट ।२.२। स्थिर मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा) ५

चार्ट ।२.३ ।: आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा) ६

चार्ट नं. २.४ कुल औद्योगिक वर्गीकरण अनुसारको प्रदेश नं १ को कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा) ७

चार्ट २.५ औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं १ को योगदान (प्रतिशतमा) ८

चार्ट २.६ प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा) ९

चार्ट ।२.७ ।: आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं १ को कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा) ९

चार्ट २.८ कुल खर्चमा पूँजीगत खर्चको अनुपात (प्रतिशतमा) ११

चार्ट ३.१ पूँजीगत खर्चको प्रवृत्ति (प्रतिशतमा) १४

चार्ट ४.१ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाहरूको जिल्लागत कर्जा प्रवाहको अवस्था २०

चार्ट ४.२ प्रदेश नं. १ मा जिल्लागत निक्षेप रकमको अवस्था २१

चार्ट ४.३ प्रदेश नं. १ मा औपचारिक रूपमा स्वीकृत भएको पुनरकर्जा २१

चार्ट ४.४ प्रदेशगत वित्तीय संस्थाहरूको संख्या (२०७७ फागुन मसान्त) २३

चार्ट नं. ५.१ जिल्लागत सूचिकृत बेरोजगारीको संख्या २७

चार्ट नं. ५.२ प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था २७

चार्ट नं. ५.३ प्रदेशमा रोजगारीका लागि श्रम स्वीकृति प्राप्त व्यक्तिको जिल्लागत विवरण २९

चार्ट नं. ५.४ प्रदेशमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्राप्त व्यक्तिमा महिला र पुरुषको अनुपात २९

चार्ट ६.१ प्रदेश १ मा उत्पादन हुने प्रमुख खाद्यान्न बालीको अवस्था ३०

चार्ट ६.२ जिल्लागत सिंचाइ सुविधाको अवस्था ३१

चार्ट ६.३ कृषि क्षेत्रमा सहकारीको भूमिका ३२

चार्ट ७.१ लघु, घरेलु र साना उद्योगको संख्या ३४

चार्ट ७.२ प्रदेशगत निर्यातको अवस्था ३७

चार्ट ७.३ माथि उल्लेखित प्रदेशगत निर्यातको तथ्याङ्कलाई तलको स्तम्भचित्रबाट थप स्पष्ट पारिएको छ। ३८

चार्ट नं ९.१ प्रदेश नं १ मा पाँच वर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरताको स्थिति ४५

चार्ट नं ९.२ प्रदेश नं १ मा जिल्लागत लेखपढ गर्न सक्ने जनसंख्याको विवरण (प्रतिशतमा) ४५

चार्ट ९.३ प्रदेश नं १ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसङ्ख्या (प्रतिशतमा) ४६

चार्ट ११.१ कोभिड-१९ को जिल्लागत विवरण ५३

चार्ट ११.२ प्रदेशगत रूपमा कोभिड-१९ बाट संक्रमित हुनेको विवरण ५३

चार्ट ११.३ प्रदेशमा कोरोना संक्रमितहरूको विवरण ५७

चार्ट ११.४ कोरोना जनसुरक्षा कोषको रकमको विवरण ५८

चार्ट ११.५ दुर्घटनाबाट मृत्यु भएका मानिसको जिल्लागत विवरण ५९

चार्ट ११.६ घटना प्रकृति अनुसार मृतकको संख्या ६०

# संक्षिप्त रुप

| | |
|---|---|
| अ.न्या.: | बगाईबाट न्यायको |
| आर्थिक वर्ष:- | आर्थिक वर्ष |
| उप.न.पा.:- | उप-महानगरपालिका |
| कि.मी.:- | किलोमिटर |
| गा.पा.: | गाउँपालिका |
| टि.भी:- | टेलिभिजन |
| न.पा.:- | नगरपालिका |
| व.कि.मी.:- | वर्ग किलोमिटर |
| मे.ट.:- | मेट्रिक टन |
| मे.वा.:- | मेगावाट |
| रु.:- | रुपैयाँ |
| लि.:- | लिमिटेड |
| हे.:- | हेक्टर |
| A.T.M | एटिएम :- Automated Teller Machine |
| BPKIHS:- | B.P. Koirala Institute of Health Sciences |
| C-GAS:- | Computarized Government Accounting System |
| COVID-19:- | Coronavirus Disease |
| DMAT:- | Dematerialised Account |
| HA.:- | Hector |
| ICU (आ.सि.यु.):- | Intensive Care Unit |
| LPG (एल.पी. ग्यास):- | Liquefied Petroleum Gas |
| NPHL:- | National Public Health Laboratory |
| PCC:- | Plain Concrete Cement |
| PCR (पि.सि.आर):- | Polymerase Chain Reaction |
| PLMBIS:- | Provincial Line Ministry Budget Information System |
| PPHL:- | Provincial Public Health Laboratory |
| RCC:- | Reinforced Cement Concrete |
| SEE:- | Secondary Education Examination |
| Sq. K.m.:- | Square kilometer |
| SuTRA:- | Sub-national Treasury Regulatory Application |
| TSA:- | Treasury Single Account |

# कार्यकारी सारांश

१. आर्थिक वर्ष २०७७/७८ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब ३२ करोड मध्ये प्रदेश नं १ को रु. ६ खर्ब ६२ अर्ब ६० करोड रहने अनुमान छ ।

२. आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं १ को आर्थिक वृद्धिदर ३.५४ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ महामारीको प्रभावबाट यस्तो वृद्धिदर १.१८ प्रतिशतले ऋणात्मक रहेको थियो ।

३. आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादन रु. ६ खर्ब ६२ अर्ब ६० करोड हुने अनुमान छ । जसमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.७ प्रतिशत, १५.७ प्रतिशत र ४८.६ प्रतिशत रहेको छ ।

४. आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म देशभरको स्थानीय सडक सञ्जाल ६३ हजार ५७७ कि.मि. मध्ये प्रदेश नं. १ मा १२ हजार ७ सय ८२ कि.मि. रहेको छ ।

५. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म प्रदेश सरकारको समग्र खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.८ प्रतिशतले बढी भई रु.१३ अर्ब ३६ करोड ४६ लाख रहेको छ। आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा प्रदेशको जम्मा खर्च रु.११ अर्ब ७८ करोड ६० लाख रहेको थियो।

६. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्ममा प्रदेश सरकारको कुल विनियोजन रु. ५० अर्ब ९० करोड मध्ये ३२.७ प्रतिशत खर्च भएको छ। यस्तै कुल खर्चमा पूँजीगत खर्चको अंश ४९.६ प्रतिशत रहेको छ ।

७. आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म प्रदेशको आन्तरिक राजस्व रु. २ अर्ब ४८ करोड ५० लाख रहेको छ । आर्थिक वर्ष २०७६/७७ को सोही अवधीमा रु. २ अर्ब २५ करोड ३९ लाख राजस्व संकलन भएको थियो ।

८. नेपालको कुल वन क्षेत्र ६६ लाख ९ हजार ९४० मध्ये १७.१६ प्रतिशत हिस्सा प्रदेश नं. १ को रहेको छ।

९. शैक्षिक सत्र २०७७ मा आधारभूत तथा माध्यमिक तहमा देशभर अध्ययनरत ७० लाख ८२ हजार ३६९ विद्यार्थी मध्ये प्रदेश नं १ मा ११ लाख ७० हजार ५२१ जना भर्ना भएका छन् ।

१०. २०७७ चैत्र मसान्तसम्ममा प्रदेश नं. १ मा रहेका १३७ वटै स्थानीय तहहरुमा वाणिज्य बैंकको शाखा पुगेका छन् । सो अवधीसम्म प्रतिशाखा सेवा प्रवाह गरेको जनसंख्या ५ हजार २९६ रहेको छ । २०७६ चैत्र मसान्तमा यस्तो जनसंख्या ५ हजार ६ सय ८८ थियो ।

११. २०७७ फागुन मसान्तसम्ममा यस प्रदेशका विभिन्न बैंक तथा वित्तीय संस्थाको खातामा कुल निक्षेप रकम विगतको सोही अवधिको तुलनामा २२.० प्रतिशतले वृद्धि भई रु.३ खर्ब १७ अर्ब पुगेको छ भने कुल कर्जा रकम १७.२ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ४७ अर्ब पुगेको छ ।

१२. २०७७ फागुनमसान्तसम्ममा प्रदेश नं. १ मा भएका बैंक तथा वित्तीय संस्था मार्फत खोलिएका DMAT खाताहरुको संख्या ९ लाख ९७ हजार २६३ रहेको छ ।

१३. २०७७ फागुन मसान्तसम्ममा प्रदेश नं.१ मा रहेका सहकारीहरुको कुल संख्या ४ हजार ७३७ रहेको छ । यसमध्ये प्रदेश नं. १ सरकारबाट नियमन हुने सहकारीहरुको संख्या १ हजार ४३ रहेको छ

१४. बहुआयामिक गरिबी राष्ट्रिय औसत २८.६% रहेकोमा यस प्रदेशको बहुआयामिक गरिबी १९.७% छ।

१५. प्रधानमन्त्री रोजगारी कार्यक्रम अन्तर्गत २०७७ चैत्र मसान्तसम्म प्रदेशको जिल्लागत सूचिकृत बेरोजगारीको कुल संख्या ९९ हजार ९०३ जना रहेको छ ।

१६. आर्थिक वर्ष २०७६/७७ मा १३७ स्थानीय तहमध्ये १०१ स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम

संचालन भएको थियो । उक्त कार्यक्रम अन्तरगत १५हजार ४८ जनाले औषत १६ दिन बराबरको रोजगारी प्राप्त गरेका थिए ।

१७. प्रदेश नं. १ मा चालु आ.व. को फागुन मसान्तसम्म वैदेशिक रोजगारीका लागि स्विकृति प्राप्त संख्या १५ हजार ५३१ रहेको छ ।

१८. प्रदेश नं. १ मा बसोबास गर्ने कुल जनसंख्यामध्ये २७ लाख २० हजार ९६५ नागरिकहरु कृषि पेशामा आबद्ध रहेका छन् जुन यहाँको कुल जनसंख्याको ६० प्रतिशत हुन आउँछ।

१९. यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ७९ वटा ब्लक, २६ वटा जोन र १ वटा सुपरजोन रहेका छन्। यस प्रदेशमा मुख्यगरी धान, मकै, गहुँ, आलु, अदुवा, अलैंची, च्याउ जस्ता प्रमुख खाद्यान्न र नगदे बाली उत्पादन गरिन्छ।

२०. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म प्रदेशभर स्थानीय सडक ७३८ किलोमिटर कालोपत्रे, २ हजार ५२२ किलोमिटर खण्डासित र ९ हजार ४९२ किलोमिटर कच्ची सडक गरी १२ हजार ७ सय ५२ किलोमिटर सडक पुगेको छ ।

२१. प्रदेश भित्र १४ वटा विमानस्थलहरुमध्ये ११ वटा संचालनमा रहेका छन् । विराटनगर विमानस्थल र चन्द्रगढी विमास्थलहरु रात्रीकालिन अवतरण क्षमता भएका र मध्यम आकारका विमानहरु अवतरण गर्न सकिने छन ।

२२. आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्त सम्म यस प्रदेशमा ११ वटा विद्युत प्लान्ट बाट २८० मेघावाट जलविद्युत उत्पादन भैरहेको छ ।

२३. आर्थिक वर्ष २०७६/७७ मा ५ हजार ४६८ को संख्यामा रहेका साना उद्योग यो आर्थिक वर्षको फागुन मसान्तसम्म आइपुग्दा १० हजार ९२४ को संख्या पुगेको छ ।

२४. प्रदेश नं. १ मा २०७७ फागुनसम्म दर्ता भएका सम्पूर्ण कम्पनीहरुको संख्या १८ हजार ७३७ रहेको छ ।

२५. प्रदेश १ को साक्षरता दर ७८ प्रतिशत रहेको छ , जसमा ७९ प्रतिशत पुरुष र ६४ प्रतिशत महिला साक्षर रहेका छन् । २०७७ फागुन मसान्तसम्म ताप्लेजुङ र सोलुखुम्बु बाहेक सबै जिल्लाहरु साक्षर घोषणा भइ सकेका छन् ।

२६. शैक्षिक सत्र २०७७ मा प्रदेश नं १ मा आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिकतह (९—१०) र माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक विद्यार्थी अनुपात क्रमशः ५२,३८ र ८१ रहेको छ ।

२७. आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाबाट लाभान्वित कुल जनसंख्या मध्ये भर्नामा ४.१९, बहिरङ्गमा ९०.३५ प्रतिशत र आकस्मिकमा ५.४६ प्रतिशत बिरामीलाई सेवा प्रवाह भएको छ ।

२८. आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म शान्तिसुरक्षाका लागि प्रदेश सरकारको तर्फबाट ७९ प्रहरीचौकी भवन निर्माण सम्पन्न भईसकेको र १७६ प्रहरी कार्यालयमा विभिन्न आधुनिक उपकरण वितरण गरिएको छ।

२९. २०७७ चैत्र मसान्त सम्म प्रदेश कोरोना जनसुरक्षा कोषमा रु. २८ करोड १७ लाख ३० हजार रहेकोमा सो अवधिसम्म रु. १७ करोड ५० लाख ३८ हजार ३०६ खर्च निकासा भएको छ ।

३०. प्रदेशले कोशी अस्पतालमा कोभिड-१९ उपचार केन्द्र (१००बेड क्षमता) को स्थापना गरी सञ्चालनमा ल्याएको छ।क्वारेन्टाइन, होल्डिङ सेन्टर, आइसियु, भेन्टिलेटरसहितका उपचारकेन्द्रहरुको व्यवस्था गरिएको छ ।

# १. परिचय

१.१ संघीय शासन प्रणाली अनुरुप पुनर्संरचना गरी बनेका ७ प्रदेशहरु मध्ये प्रदेश नं. १ सुदूर पूर्वमा रहेका १४ वटा जिल्लाहरुलाई समेटेर बनाइएको छ । यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल र सिक्किम राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन् । यसै गरी उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. ३ र बागमती प्रदेश पर्दछन् । यो प्रदेश ८६ डिग्री १ मिनेटदेखि ८८ डिग्री ३ मिनेट पूर्वी देशान्तर र २८ डिग्री २ मिनेटदेखि २६ डिग्री ३ मिनेट उत्तर देशान्तरको बीचमा रहेको छ। यस प्रदेशको कुल क्षेत्रफल २५ हजार ९०५ वर्ग कि. मि. तथा कुल जनसङ्ख्या ४५ लाख ३४ हजार ९४३ रहेको छ।

१.२ जातीय, भाषिक तथा सांस्कृतिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा क्षेत्री, ब्राम्हण, राई, लिम्बू, थारु, लेप्चा, तामाङ, गुरुङ, मेचे, कोचे, धिमाल, यादव र राजवंशी लगायतका जातिहरुको बसोबास रहेको छ भने नेपाली, मैथिली, राई, तामाङ, लिम्बू, गुरुङ, लेप्चा, मगर र थारु भाषा मुख्य रुपमा बोलिन्छन् ।यस प्रदेशमा विभिन्न जात, जाति, भाषाभाषी, धार्मिक सम्प्रदायका बिच लामो समय देखि धार्मिक सहिष्णुता, जातीय एवम् भाषिक सहअस्तित्व कायम रहेको छ ।

१.३ विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयु, कुम्भकर्ण आदि हिमालहरुको अवस्थितिले मित्रराष्ट्र चीनसँग प्राकृतिक सीमाको काम गरेको छ । नेपाल सरकारले सूचिकृत गरेका १०० वटा पर्यटकीय गन्तव्य मध्ये १६ वटा यस प्रदेशमा रहेका छन् । यस प्रदेशमा सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, कञ्चनजङ्घा संरक्षण क्षेत्र लगायत हात्तीडुबे झरना, टोड्के र पोकली जस्ता झरनाहरु पनि रहेका छन् ।

१.४ सुन्दर पहाड, हिमवत् खण्ड, उच्च हिम श्रृङ्खला लगायत प्राकृतिक सम्पदाले सुशोभित तथा असङ्ख्य मठ, मन्दिर, पाटी, पौवा, गुम्बा, मस्जिदले भरिपूर्ण, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले समेत उत्तिकै महत्वपूर्ण रहेको यो प्रदेश पर्यटनका लागि प्रचुर सम्भावना रहेको छ ।

१.५ यो प्रदेश हिमाल, पहाड र तराईमा अवस्थित रहेको हुँदा हावापानीमा विविधता हुनुका साथै जडिबुटि, वनस्पति र कृषिका लागि समेत उर्वर रहेको छ । नेपालको औद्योगिक विकासको इतिहासलाई हेर्दा पहिलो उद्योग यसै प्रदेशमा स्थापना हुनाको साथै विराटनगर धरान औद्योगिक करिडोर, धनकुटा औद्योगिक क्षेत्र, दमक औद्योगिक पार्क समेत भएकोले औद्योगिक विकास तथा निजी क्षेत्रको लगानी आकर्षणका लागि पनि महत्वपूर्ण रहेको छ । यसैगरी प्रदेशमा ठूला साना सयौं नदीनाला भएकाले जलविद्युत र सिंचाईको प्रचुर सम्भावना रहेको छ ।

## भौगोलिक अवस्था

तालिका नं. १.१ प्रदेशको भौगोलिक अवस्था

| भौगोलिक क्षेत्र | क्षेत्रफल (व.कि.मि.) | प्रतिशत |
|---|---|---|
| हिमाल | १०४३८ | ४०.२९ |
| पहाड | ८६८६ | ३३.५३ |
| भित्री मधेश | २०६३ | ७.९६ |
| तराई | ४७१८ | १८.२१ |
| जम्मा क्षेत्रफल | २५९०५ | १०० |

स्रोत: स्टेट प्रोफाइल, प्रदेश योजना आयोग

तालिका १.२ प्रदेश परिचय तालिका

| विवरण | संख्या |
|---|---|
| क्षेत्रफल (व.कि.मि.) | २५९०५ |
| जिल्ला | १४ |
| जनघनत्व प्रति व.कि.मि. | १७५ |
| संघीय निर्वाचन क्षेत्र | २८ |
| प्रदेशीक निर्वाचन क्षेत्र | ५६ |
| महानगरपालिका | १ |
| उप-महानगरपालिका | २ |
| नगरपालिका | ४६ |
| गाउँपालिका | ८८ |
| हिमाल | ४०.३ प्रतिशत |
| पहाड | ३३.५ प्रतिशत |
| तराई | १८.६ प्रतिशत |
| भित्री मधेस | ७.१६ प्रतिशत |
| कुल जनसंख्या | ४५३४९४३ |
| पुरुष जनसंख्या | २१६६४३६ |
| महिला जनसंख्या | २३६८५०७ |
| जनसंख्या वृद्धिदर | ०.७६ प्रतिशत |
| परिवारको औसत आकार | ४.६ |
| पुरुष घरमुली | ७३.८ प्रतिशत |
| महिला घरमुली | २६.२ प्रतिशत |

स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

## जिल्लागत क्षेत्रफल

तालिका नं. १.३ प्रदेशको जिल्लागत क्षेत्रफल

| जिल्ला | क्षेत्रफल (व.कि.मि.) |
|---|---|
| सोलुखुम्बु | ३३१२ |
| संखुवासभा | ३४८० |
| ताप्लेजुङ | ३६४६ |
| ओखलढुंगा | १०७४ |
| खोटाङ | १५९१ |
| भोजपुर | १५०७ |
| तेह्रथुम | ६७९ |
| पाँचथर | १२४१ |
| धनकुटा | ८९१ |
| इलाम | १७०३ |
| उदयपुर | २०६३ |
| सुनसरी | १२५७ |
| मोरङ | १८५५ |
| झापा | १६०६ |
| जम्मा क्षेत्रफल | २५९०५ |

स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

# २. समग्र प्रादेशिक सामाजिक तथा आर्थिक स्थिति

## राष्ट्रिय अर्थतन्त्र

### आर्थिक वृद्धि

२.१ आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ महामारीबाट नेपालको अर्थतन्त्र प्रभावित हुन गई आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमै पहिलोपटक २.१२ प्रतिशतले ऋणात्मक रहेको छ । स्वास्थ्य सङ्कटको अवस्थामा क्रमशः सुधार आउने अपेक्षा सहित नेपालको आर्थिक वृद्धिदर चालु आर्थिक वर्षमा ४.०१ प्रतिशत रहने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको तेस्रो चौमासिकबाट तीव्र गतिले फैलिइरहेको कोभिड-१९ को दोस्रो लहरको कारण अनुमानित आर्थिक वृद्धिदर हासिल गर्ने कार्य चुनौतिपूर्ण रहेको छ।

२.२ चालु आर्थिक वर्ष २०७७/७८ मा कृषि, उद्योग र सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.६ प्रतिशत, ५.० प्रतिशत र ४.४ प्रतिशतले वृद्धि हुने अनुमान छ। त्यसैगरी, चालु आर्थिक वर्षको कुल मूल्य अभिवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान छ।

२.३ चालु आर्थिक वर्ष २०७७/७८ को अनुमानित राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब ३२ करोड रहने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ को कुल गार्हस्थ्य उत्पादन रु.३९ खर्ब १४ अर्ब ७० करोड रहेको थियो ।

२.४ आर्थिक वर्ष २०७७/७८ मा कृषि र गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.६४ प्रतिशत र ४.५७ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्षमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि २.२३ प्रतिशतले विस्तार भएको थियो भने गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.९१ प्रतिशतले ऋणात्मक रहेको थियो।

२.५ आर्थिक वर्ष २०७७/७८ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्र (तृतीय क्षेत्र) को वृद्धिदर क्रमशः २.७५ प्रतिशत, ४.९३ प्रतिशत र ४.४२ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा प्राथमिक क्षेत्र २.१२ प्रतिशतले बढेको थियो भने द्वितीयक र सेवा क्षेत्र क्रमशः ३.७६ प्रतिशत र ३.९७ प्रतिशतले सङ्कुचन भएका थिए।

२.६ आर्थिक वर्ष २०७६/७७ मा कुल मूल्य अभिवृद्धिमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः २६.८ प्रतिशत, १२.८ प्रतिशत र ६०.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो योगदान क्रमशः २६.४ प्रतिशत, १२.५ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान छ।

२.७ आर्थिक वर्ष २०७६/७७ मा कुल लगानी ३०.४ प्रतिशतले सङ्कुचन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा १८.१ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब १२ अर्ब ७१ करोड पुग्ने अनुमान छ। कोभिड-१९ संक्रमण रोकथाम एवम् नियन्त्रणका लागि चालिएका कदमबाट गत आर्थिक वर्षमा सार्वजनिक एवम् निजी क्षेत्रको खर्चमा कमी आएको थियो।

तालिका २.१ प्रमुख समष्टिगत आर्थिक परिसूचकहरु

| सूचक | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८* |
|---|---|---|
| आर्थिक वृद्धिदर (प्रतिशत) | -२.१२ | ४.०१ |
| कुल गार्हस्थ्य उत्पादन (रु. करोडमा) | ३९१४७० | ४२६६३२ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) अमेरिकी डलर | १,१२६ | १,१९१ |
| औसत उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा) | ३.५ | ३.६ |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) अमेरिकी डलर | ११२९ | ११९६ |
| शोधनान्तर स्थिति रु. करोडमा) | २७८४ | ६८०० |
| विप्रेषण आप्रवाह (रु. करोडमा) | ५१११९ | ६४२१४ |
| विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्त (रु. करोडमा) | १४१८४ | १३४५४ |
| तिर्न बाँकी खुद सार्वजनिक ऋण (रु. करोडमा) | १४१९८८ | १५८९४६ |
| कुल गार्हस्थ्य उत्पादन/उपभोग (प्रतिशतमा) | ९३.७ | ९३.५ |
| कुल गार्हस्थ्य उत्पादन/कुल गार्हस्थ्य बचत प्रतिशतमा) | ६.३ | ६.६ |
| कुल राष्ट्रिय बचत/ कुल गार्हस्थ्य उत्पादन (प्रतिशतमा) | ३२.६ | ३१.४ |
| बचत र लगानीको अन्तर | २२.१ | २४.२ |

स्रोत: आर्थिक सर्वेक्षण,२०७७/७८, अर्थ मन्त्रालय *अनुमानित

२.८ आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) ७.५ प्रतिशतले बढेर रु. १ लाख ४० हजार ८१९ (अमेरिकी डलर १ हजार १९१) रहने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो आय रु. १ लाख ३० हजार ९५७ (अमेरिकी डलर १ हजार १२६) रहेको थियो।

२.९ आधार वर्षको परिवर्तनपछि आर्थिक वर्ष २०७६/७७ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) अमेरिकी डलर १ हजार १२९ रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो आय ५.० प्रतिशतले बढेर अमेरिकी डलर १ हजार १९६ रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति राष्ट्रिय खर्चयोग्य आय अमेरिकी डलर १ हजार ४ सय ८६ पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो आय अमेरिकी डलर १ हजार ४२२ रहेको थियो।

२.१० आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म शोधनान्तर स्थिति रु.६८ अर्बले बचतमा रहेको छ । आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा शोधनान्तर स्थिति रु.२७ अर्ब ८४ करोडले बचतमा रहेको थियो ।


२.११ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ४२ अर्ब १४ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा विप्रेषण आप्रवाह रु.५ खर्ब ९१ अर्ब १९ करोड रहेको थियो।

२.१२ २०७७ असार मसान्तसम्म तिर्न बाँकी खुद सार्वजनिक ऋण रु १४ खर्ब १९ अर्ब ८८ करोड रहेकोमा २०७७ फागुनसम्म यस्तो ऋण रु.१५ खर्ब ८९ अर्ब ४६ करोड पुगेको छ । जुन कुल गार्हस्थ्य उत्पादनको ३७.३ प्रतिशत आउँछ।

## प्रदेशगत आर्थिक वृद्धि

२.१३ आर्थिक वर्ष २०७७/७८ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब ३२ करोड मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३७.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.० प्रतिशत रहने अनुमान छ भने प्रदेश नं १ को अंश १५.६ प्रतिशत रहने अनुमान गरिएको छ ।


चार्ट (२.१): राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) * अनुमानित




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८

२.१४ राष्ट्रिय रूपमा आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.९८ प्रतिशत हुँदा प्रदेशगत रूपमा आर्थिक वृद्धिदर सबैभन्दा बढी बागमती प्रदेशको ४.६५ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ को ३.५२ प्रतिशत रहने अनुमान छ। प्रदेश नं १ को आर्थिक वृद्धिदर ३.५४ प्रतिशत रहने अनुमान गरिएको छ ।

चार्ट (२.२): आधारभूत मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)




*अनुमानित

२.१५ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी प्रदेश नं. २ मा ३९.० प्रतिशत रहेको अनुमान छ। त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान प्रदेश नं. १ मा १५.७ प्रतिशत र सेवा क्षेत्रको बागमती प्रदेशमा ७७.४ प्रतिशत रहेको छ।

२.१६ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशमा १२.३ प्रतिशत रहेको अनुमान छ। त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा कम योगदान कर्णाली प्रदेशमा १०.२ प्रतिशत छ भने सेवा क्षेत्रमा सबैभन्दा कम प्रदेश नं. १ मा ४८.६ प्रतिशत रहेको छ।

चार्ट १२.३ क: आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)




| | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| सेवा क्षेत्र | ४८.६ | ५०.३ | ७७.४ | ५४.४ | ५३.२ | ५५.३ | ५०.७ |
| कृषि क्षेत्र | ३६.७ | ३९.० | १२.३ | २९.० | ३२.६ | ३३.५ | ३६.२ |
| उद्योग क्षेत्र | १४.७ | १०.९ | १०.६ | १६.७ | १४.२ | १०.२ | १३.२ |

## प्रदेश नं १ को आर्थिक तथा सामाजिक स्थिति

### आर्थिक वृद्धि

२.१७ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं १ को कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु. ६ खर्ब ६३ अर्ब ६० करोड रहने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुमान रु.६ खर्ब १२ अर्ब ३६ करोड थियो भने आर्थिक वर्ष ०७५/७६ मा रु. ५ अर्ब ९९ करोड २४ लाख रहेको थियो।

तालिका २.२ प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको औद्योगिक वर्गीकरण अनुसार योगदान

रु. करोडमा


| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| कृषि, वन र मत्स्यपालन | १८७८३ | १९४०० | २०७७३ |
| खानी तथा उत्खनन | २०७ | २५८ | २९३ |
| उत्पादनमूलक उद्योग | ४२२३ | ३८८० | ४११४ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकूलित आपूर्ति सेवा | ८३२ | ८३५ | ९३४ |
| पानी आपूर्ति, ढल ब्यवस्थापन, फोहोर व्यवस्थापन तथा पुन उत्पादनका क्रियाकलापहरु | ३३३ | ३५० | ३४६ |
| निर्माण | ४३१४ | ३७५७ | ३८८८ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ५७०० | ५३८२ | ६०६० |
| यातायात तथा भण्डारण | २७५७ | २२६७ | २४७७ |
| आवास तथा भोजन सेवा | ११२३ | ७४६ | ८६४ |
| सूचना तथा सञ्चार | १२३१ | १२९० | १३४४ |
| वित्तीय तथा बीमा क्रियाकलापहरू | १८६४ | १९२८ | २३२५ |
| घरजग्गा कारोबारको सेवा | ३५६१ | ३९७१ | ४४६१ |


| | | | |
|---|---|---|---|
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | ३०१ | ३३३ | ३३५ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | १८९ | १९३ | २०१ |
| सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा | ३२८१ | ४१५५ | ४३१५ |
| शिक्षा | ३९३७ | ४५६० | ४८९१ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ८७६ | १०३७ | ११११ |
| अन्य सेवाका क्रियाकलापहरु | ३१७ | ३३७ | ३७४ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ४२८४० | ४५८८६ | ४९०३४ |
| उत्पादित वस्तुमा खुद कर | ३०३५ | ३३५० | ४३२६ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ४५८७५ | ४९२३६ | ५३३६० |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७५

२.१८ प्रदेश नं. १ मा आर्थिक वर्ष २०७४/७५ को कुल गार्हस्थ्य उत्पादनमा वृहत औद्योगिक वर्गीकरण अनुसार सबैभन्दा बढी कृषि, वन तथा मत्स्यपालनको २५.२ प्रतिशत योगदान रहेको छ भने सबैभन्दा कम प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरुको ०.३ प्रतिशत योगदान रहेको छ । आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनमा यस्तो योगदान क्रमशः २६ प्रतिशत र ०.४० प्रतिशत रहेको थियो ।

चार्ट नं. २.४ वृहत औद्योगिक वर्गीकरण अनुसारको प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)




२.१९ नेपालको आर्थिक वर्ष ०७४/७५ को कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब ३२ करोड रहेकोमा प्रदेश नं १ को औसत योगदान १५.६ प्रतिशत रहने अनुमान छ ।यस्तो योगदान आर्थिक वर्ष ०७३/७४ को कुल गार्हस्थ्य उत्पादन रु.६ खर्ब १२ अर्ब ३६ मा पनि १५.६ प्रतिशत नै रहेको थियो ।

तालिका २.३ औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं १ को योगदान (प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५* |
| कृषि, वन र मत्स्यपालन | २६.४ | २६.५ | २६.५ |
| खानी तथा उत्खनन् | १३.७ | १३.६ | १३.६ |
| उत्पादनमूलक उद्योग | २२.० | २२.७ | २२.७ |

| | | | |
|---|---|---|---|
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकूलित आपूर्ति सेवा | १८.७ | १९.६ | २०.० |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | १६.९ | १६.९ | १६.९ |
| निर्माण | १८.४ | १८.३ | १८.३ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | १०.५ | १०.४ | १०.४ |
| यातायात तथा भण्डारण | १२.७ | १२.७ | १२.७ |
| आवास तथा भोजन सेवा | १४.८ | १४.८ | १४.८ |
| सूचना तथा सञ्चार | १६.७ | १६.७ | १६.७ |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | ९.० | ९.० | ९.० |
| घरजग्गा कारोबारको सेवा | १२.६ | १२.६ | १२.६ |
| पेशागत वैज्ञानीक तथा प्राविधिक क्रियाकलापहरु | ९.४ | ९.४ | ९.४ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ७.१ | ७.१ | ७.१ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १५.० | १५.० | १५.० |
| शिक्षा | १५.६ | १५.६ | १५.६ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १७.२ | १७.२ | १७.२ |
| अन्य सेवाका क्रियाकलापहरु | १७.७ | १७.७ | १७.७ |
| औसत योगदान | १५.५ | १५.६ | १५.६ |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८


चार्ट २.५ औद्योगिक वर्गिकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं १ को योगदान (प्रतिशतमा)




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८

२.२० आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं १ को आर्थिक वृद्धिदर ३.५४ प्रतिशत रहने अनुमान रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ महामारीको प्रभावबाट यस्तो वृद्धिदर १.१८ प्रतिशतले ऋणात्मक रहेको थियो भने आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ७.०५ प्रतिशत रहेको थियो।

चार्ट २.६ प्रदेश नं. १ को कुल गार्हस्थ उत्पादनको वृद्धिदर (प्रतिशतमा)




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८

२.२१ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ को कुल गार्हस्थ उत्पादन रु. ६ खर्ब ६३ अर्ब ६० करोड हुने अनुमान छ । जसमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.७ प्रतिशत, १५.७ प्रतिशत र ४८.६ प्रतिशत रहेको छ ।

चार्ट २.७ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं १ को कुल गार्हस्थ उत्पादनको संरचना (प्रतिशतमा)




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८

२.२२ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा नेपालको औद्योगिक लगानी कुल रु. २२ अर्ब ४५ करोड मध्ये प्रदेश नं १ मा रु. ५ अर्ब १७ करोड रहेको छ । यस्तै सोही अवधिमा प्रदेश नं १ मा दर्ता भएका उद्योगहरुको संख्या ७९१ रहेको छ । आ.व. ०७६/७७ को सोही अवधिमा दर्ता भएका उद्योगको संख्या ७७१ रहेको थियो ।

२.२३ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म नेपालको कुल जलविद्युत उत्पादन १ हजार ३८६ मे.वा रहेकोमा प्रदेश नं १ मा २८० मेगावाट मेगावाट रहेको छ। आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा नेपालको कुल जलविद्युत उत्पादन १२३३ मे.वा मध्ये प्रदेश नं १ मा १९३ मे. वा. रहेको थियो ।

२.२४ शैक्षिक सत्र २०७७ मा देशभरमा ३५ हजार ६७४ विद्यालय रहेकोमा प्रदेश नं. १ मा ६ हजार ९५८ को संख्यामा विद्यालय रहेका छन् भने शैक्षिक सत्र २०७६ मा देशभरमा ३५ हजार ५२० विद्यालयहरु मध्ये प्रदेश नं १ मा रहेका विद्यालयहरुको संख्या ६ हजार ९५३ थियो ।

२.२५ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म देशभरमा बैङ्क तथा वित्तिय संस्थाको शाखाको संख्या १० हजार ४ सय ३० रहेकोमा प्रदेश नं १ मा यस्तो संख्या १ हजार ६५२ रहेको छ । आ.व. ०७६/७७ मा यस्तो संख्या देशभरका ९ हजार ६४० मध्ये प्रदेश नं १ मा १ हजार ५६८ रहेको थियो ।

२.२६ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म देशभरको स्थानीय सडक सञ्जाल ६३ हजार ५७३ कि.मि. मध्ये प्रदेश नं. १ मा १२ हजार ७८२ कि.मि. रहेको छ । आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा यस्तो सडक संजाल ६१ हजार ३९५ कि.मि. मध्ये प्रदेश नं १ मा १२ हजार ३३१ कि.मि. रहेको थियो ।

तालिका (२.४) : प्रदेश नं. १ को आर्थिक तथा सामाजिक परिसूचक

| परिसूचक | आ.व. ०७६/७७ | | आ.व. ०७७/७८ | |
|---|---|---|---|---|
| | नेपाल | प्रदेश नं. | नेपाल | प्रदेश नं. |
| स्थानीय तहको सङ्ख्या | ७५३ | १३७ | ७५३ | १३७ |
| जनसङ्ख्या (प्रतिशतमा) | १०० | १७.१ | १०० | १७.१ |
| क्षेत्रफल (प्रतिशतमा) | १०० | १७.३ | १०० | १७.६ |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) प्रतिशतमा१ | २.३ | ३.५ | ३.९८ | ३.५४ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (आधारभूत मूल्यमा) १ | १०० | १५.८ | १०० | १५.८ |
| उद्योगको दर्ता सङ्ख्या २ | ८३१२ | ७४१ | ८३८४ | ७६१ |
| लघु, घरेलु तथा साना २ उद्योगको संख्या | - | - | ४७४६७७ | ६३२१० |
| उद्योगमा लगानी (रु. अर्बमा) २ | - | - | २९१४ | ५१७ |
| जलविद्युत उत्पादन (मेगावाट) ३ | १२३३.१ | ११३.२ | १३८६ | २८७ |
| स्थानीय सडक सञ्जाल (कि.मी.) ४ | ६१३९५ | १२३३१ | ६३५७३ | १२७८२ |
| विद्यालय सङ्ख्या५ | ३५५२० | ६९५३ | ३५६७४ | ६९५८ |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ९६४० | १५६८ | १०४३० | १६५२ |
| प्रतिशाखा जनसङ्ख्या | | | २९१३ | ३०१८ |

स्रोत: १. केन्द्रीय तथ्याङ्क विभाग, २०७८ २. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७७ ३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०७७ ४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७७ ५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७७ ६. नेपाल राष्ट्र बैङ्क, २०७७।

## विगत वर्षमा प्रदेश र स्थानीय तहको खर्चको विवरण

२.२७ आर्थिक वर्ष २०७६/७७ मा कुल प्रादेशिक खर्चमा प्रदेश नं. १ को खर्च भार ०.१९ रहेको छ । आर्थिक वर्ष आर्थिक वर्ष २०७५/७६ मा यस्तो भार ०.१९ र आर्थिक वर्ष २०७४/७५ मा ०.२८ रहेको थियो ।


तालिका (२.४) : प्रदेश सरकारको कुल खर्चको स्थिति (रु.करोडमा)

| विवरण | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | भार | कुल खर्च | भार | कुल खर्च | भार |
| प्रदेश नं. १ | ६५.२८ | ०.२८ | २११०.३ | ०.११ | २१८३.३ | ०.११ |
| कुल प्रदेशिक खर्च जम्मा (सात प्रदेश) | २३३.४५ | १.०० | १५२०९ | १.०० | १५६६१.४ | १.०० |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

२.२८ प्रदेशगत कुल खर्चमा यस प्रदेशको पूँजीगत खर्चको अनुपात आर्थिक वर्ष २०७६/७७ मा ५९.९ प्रतिशत रहेको छ । यस्तो अनुपात आ.व. ०७५/७६ मा ५३.९ प्रतिशत रहेको थियो ।

चार्ट (२.८) कुल खर्चमा पूँजीगत खर्चको अनुपात (प्रतिशतमा)




स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

## चालु आर्थिक वर्षको प्रदेश र स्थानीय तहको फागुनसम्मको खर्च र आयको स्थिति

### प्रदेश

२.२९ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्ममा प्रदेश सरकारको कुल विनियोजन रु. ४० अर्ब १० करोड मध्ये २२.७ प्रतिशत खर्च भएको छ। यस्तो कुल खर्चमा पूँजीगत खर्चको अंश ४९.६प्रतिशत रहेको छ ।

तालिका (२.५): प्रदेश नं १ को खर्चको अवस्था (रु.करोडमा)

| बजेट | खर्च | खर्च प्रतिशत | चालु बजेट | चालु खर्च | पूँजीगत बजेट | पूँजीगत खर्च | कुल खर्चमा पूँजीगत खर्चको अंश |
|---|---|---|---|---|---|---|---|
| ४०१०.० | १३३६.४ | ३२.७ | १८९१.० | ६७३.३ | २११४.२ | ६६३.२ | ४९.६ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

### स्थानीय तह

२.३० चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश नं. १ का सबै १३७ स्थानीय तहहरु स्थानीय तहको सञ्चित कोष प्रणाली (SuTRA) मा आवद्ध भएका छन्। यस अवधिमा स्थानीय तहको कुल खर्च रु. २७ अर्ब ५८ करोड ८ लाख रहेको छ। यस्तो खर्च स्थानीय तहको कुल बजेटको ३२.६ प्रतिशत हुन आउँछ।

तालिका (२.७) प्रदेश नं. १ को स्थानीय तहको खर्चको प्रादेशिक तुलनात्मक विवरण (रु.करोडमा)

| स्थानीय तह | कुल बजेट | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १३७ | ८५५२.८९ | ११६४.५१ | ८८१.७६ | ३.८० | २०५६.०८ | ३२.६ |
| ७५३ | ५०७३६.५२ | १०८५५.१ | ५६९८.७२ | १६.७५ | १५५९१.८४ | ३०.७ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

२.३१ चालु आर्थिक वर्षको फागुनसम्ममा सबै स्थानीय तहमा गरी रु.१ खर्ब ८३ अर्ब ८९ करोड राजस्व (संघबाट प्रदेश र स्थानीय तह र प्रदेशबाट स्थानीय तहमा बाँडफाँट भई गएको समेत) सङ्कलन भएको छ। देशभरका स्थानीय तहबाट संकलित कुल राजस्व मध्ये प्रदेश नं. १ मा रहेका स्थानीय तहको संकलित राजस्व रु. ३४ अर्ब १० करोड ७६ लाख रहेको छ । जुन कुल राजस्वको भारमा ०.१९ हुन आउँछ ।

तालिका (२.८): प्रदेश नं. १ मा रहेका स्थानीय तहको राजस्व सङ्कलन (रु.करोडमा)

| ७५३ स्थानीय तहबाट संकलित राजस्व | भार | प्रदेश नं. १ अन्तर्गतका १३७ स्थानीय तहको | राजस्व भार |
|---|---|---|---|
| १८३८८१३ | १ | ३५१०.७३ | ०.१९ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

## कृषि र वन

### खाद्यान्न बालीको प्रदेशगत उत्पादन स्थिति

२.३२ आर्थिक वर्ष २०७७/७८ मा देशभरको धान बालीको कुल उत्पादन ५६ लाख २१ हजार ७१० मेट्रिक टनमध्ये प्रदेश नं. १ मा २२.७ प्रतिशत हुने अनुमान रहेको छ। यस्तै देशको कुल उत्पादनमा प्रदेश नं १ मा उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरु मकै, गहुँ, कोदो, जौ र फापरको क्रमशः २९.४, ९.७, २८.१, ६ र २४.३ प्रतिशत योगदान हुने अनुमान गरिएको छ ।

तालिका (२.९): चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीमा प्रदेश नं. १ को उत्पादनको अनुमान (मेट्रिक टनमा)

| बाली/प्रदेश | धान | मकै | गहुँ | कोदो | जौ | फापर |
|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | २२.७ | २९.४ | ९.७ | २८.१ | ६ | २४.३ |
| कुल उत्पादन | ५६२१७१० | २९२३१५८ | २००५६६५ | ३२१५५३ | २६०६६ | १२०५३ |

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७७

२.३३ नेपालको कुल वन क्षेत्रको १७.१६ प्रतिशत हिस्सा प्रदेश नं. १ को रहेको छ । प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल ४३.७८ प्रतिशत हुन आउँछ ।

तालिका (२.१०): कुल वन क्षेत्रमा प्रदेश नं. १ को स्थिति

| | क्षेत्रफल (हेक्टर) | वन क्षेत्र (हेक्टर) | नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) | प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश नं.१ | २५९०५०० | ११३४२५० | १७.१६ | ४३.७८ |
| नेपाल | १४७१८१०० | ६६०११५० | १०० | ४४.७४ |

स्रोत: वन तथा वातावरण मन्त्रालय, २०७७

२.३४ देशभरमा २०७३ फागुनसम्ममा देशभरमा कुल ४ लाख ७५ हजार ६७७ लघु, घरेलु तथा साना उद्योग दर्ता भई २९ लाख ८ हजार ३३९ को रोजगारी सिर्जना भएको देखिन्छ । प्रदेश नं १ मा यस्ता उद्योगको संख्या ६३ हजार २९० रहेका छन् भने प्रस्तावित रोजगारी ४ लाख ६ हजार ९८९ रहेको छ ।

तालिका (२.११): प्रदेश नं. १ मा लघु, घरेलु तथा साना उद्योगहरुको विवरण (शुरु देखि २०७३ फागुनसम्म)

| उद्योगहरु दर्ताको संख्या (लघु, घरेलु तथा साना) | | प्रस्तावित रोजगारी (संख्या) | |
|---|---|---|---|
| नेपाल | प्रदेश नं १ | नेपाल | प्रदेश नं १ |
| ४७५६७७ | ६३२९० | २९०८३३९ | ४०६९८९ |

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७३

२.३५ २०७३ फागुनसम्म देशभरमा दर्ता सम्पूर्ण कम्पनीहरुको संख्या २ लाख ५६ हजार ४९३ रहेको छ। जसमध्ये प्रदेश नं. १ मा यस्ता कम्पनीको संख्या १८ हजार ७३७ रहेका छन् ।

तालिका (२.१२): प्रदेशगत रूपमा दर्ता भएका कम्पनीहरुको विवरण

| कम्पनी संख्या | | अंश (प्रतिशत) |
|---|---|---|
| नेपाल | प्रदेश नं. १ | |
| २५६४९३ | १८७३७ | ७.३ |

स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय, २०७३

२.३६ शैक्षिक सत्र २०७३ मा आधारभूत तथा माध्यमिक तहमा देशभर अध्ययनरत ७० लाख ८२ हजार ३७९ विद्यार्थी मध्ये प्रदेश नं १ मा ११ लाख ७० हजार ५२१ जना भर्ना भएका छन् ।

तालिका (२.१३): शैक्षिक सत्र २०७३ मा प्रदेश नं १ मा विद्यार्थी भर्नाको विवरण

| नेपाल | | | प्रदेश नं १ | | |
|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ३,५४०,९२९ | ३,५४१,४५० | ७,०८२,३७९ | ५८३,७५२ | ५८६,७६९ | ११७०५२१ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७३

# ३. सार्वजनिक वित्त

३.१ आर्थिक नीति, बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा प्रदेश सरकार स्थापना भए देखि नै निरन्तर भएका कानूनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधारबाट अपेक्षित परिणामहरु देखिन थालेका छन्। "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोच सहितको प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा गरिएको छ। बजेट प्रणाली विधि, प्रक्रिया र मापदण्डमा आधारित हुन थालेको छ। पूँजीगत खर्चमा प्रदेश नं.१ अन्य प्रदेशको तुलनामा बढी खर्च गर्न सफल भएको छ। सार्वजनिक खर्चको पारदर्शिता र गुणस्तर अभिवृद्धि भएको छ। विकास साझेदारसंगको सहकार्य बढेको छ। सार्वजनिक निजी साझेदारीका लागि कानूनी र संस्थागत व्यवस्था गरिएको छ।

३.२ प्रदेश सरकार गठन भए पश्चात् वित्तीय संघीयता कार्यान्वयनको अधिकांश संरचना तयार भई पूर्ण कार्यान्वयनको चरणमा आएको छ। संघबाट अनुदान प्राप्ति र स्थानीय तहमा चार प्रकारका अनुदान हस्तान्तरण भएका छन्। संघबाट ठेक्का लागेर प्रदेशलाई हस्तान्तरण भएका लामो समय देखि अधुरा रहेका आयोजनाहरु सम्पन्न हुँदैछन्। बहुवर्षीय आयोजनाहरुलाई पूर्णता दिन आवश्यक स्रोत व्यवस्थापन गरिएको छ। प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट नियमित र व्यवस्थित भएको छ। प्रदेशमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), एकल खाताकोष प्रणाली (TSA) र C-GAS कार्यान्वयनमा आएको छ।

३.३ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति भई प्रदेश सभामा पेश गर्ने तयारीमा रहेको छ। यो ऐन बनेपछि बजेट प्रणाली स्वच्छ हुने, वित्तीय अनुशासन कायम हुने, पारदर्शिता र सार्वजनिक वित्त व्यवस्थापनमा पदाधिकारीहरुको जिम्मेवारी तथा जवाफदेहिता सुनिश्चित गर्ने दृष्टिकोणले कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ। विनियोजन कुशलता हासिल गर्न प्रदेश आयोजना बैंकको स्थापना, मध्यमकालीन खर्च संरचना तर्जुमा र आयोजना तथा कार्यक्रम छनौट प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ लाई कार्यान्वयनमा ल्याईएको छ।

## सरकारी वित्तको तुलनात्मक स्थिति

३.४ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म प्रदेश सरकारको समग्र खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.८ प्रतिशतले बढी भई रु.१३ अर्ब ३६ करोड ४६ लाख रहेको छ। आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा प्रदेशको जम्मा खर्च रु.११ अर्ब ७८ करोड ६० लाख रहेको थियो। विश्वव्यापी महामारीको रुपमा कोभिड-१९ को असरले गत वर्षको अन्तिम तेस्रो चौमासिकमा लक्ष्य अनुरुप राजस्व संकलन हुन नसक्दा भुक्तानी बाँकी रहेको दायित्व समेत चालु वर्षमा सरेको हुँदा खर्च व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेको छ ।

तालिका नं. ३.१ प्रदेश सरकारको समग्र खर्चको स्थिति

रकम रु.लाखमा

| क.सं. | बजेट | आर्थिक वर्ष२०७६/७७ | | | आर्थिक वर्ष२०७७/७८ | | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | फागुनसम्मको खर्च | प्रतिशत | विनियोजन | फागुन सम्मको खर्च | प्रतिशत | |
| १. | चालु | १३०११५ | २६५९३ | २१ | १६०४७८ | ५५७७१ | ३४ | ४१.६ |
| २. | पुँजीगत | २३५७३९ | ७४५८९ | ३२ | २२०५८९ | ६६३२१ | ३० | -१२.५ |
| ३. | स्थानीय तह अनुदान | ५६१५० | १६७७८ | ३० | ३०४०३ | १२५५५ | ४१ | -३३.६ |
| ४. | वित्तीय व्यवस्था | ८०० | - | - | ५०० | - | - | - |
| जम्मा | | ४२२००४ | ११७८६० | २७.९३ | ४११७७४ | १३३६५६ | ३२.४६ | १३.८ |


मुल विनियोजन ४०८९१.९लाखमा संघ सशर्त थप रु.२७७४लाख समेत

स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१

३.५ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्मको चालु खर्च मध्ये गत वर्ष संघबाट प्राप्त सशर्त अनुदान खर्च नभई बचत एकीन भएको रु.२अर्ब ४८ करोड रकम संघीय सञ्चित कोषमा फिर्ता गरिएको हुँदा अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढी देखिएको हो।

३.६ आर्थिक वर्ष २०७६/७७ को बजेटमा प्रदेश नं.१को पुँजीगत बजेटको अंश ५५.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७५/७६ मा यस्तो अंश ५२.५ प्रतिशत रहेको थियो।

चार्ट ३.१ पुँजीगत खर्चको प्रवृत्ति (प्रतिशतमा)




स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१

३.७ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित पुँजीगत बजेटमा पुँजीगत खर्चको अंश ६०.५९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ मा यस्तो अंश बढेर ७५.७९ प्रतिशत रहेको थियो। प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने अनुदानको रकम पुँजीगत खर्चमा समेत उपयोग हुने हुँदा पुँजीगत खर्चको अनुपात अझै बढ्ने देखिन्छ।

## प्रदेश सरकारको स्रोत परिचालनको स्थिति

३.८ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म प्रदेश सञ्चितकोषमा राजस्व तथा अनुदान प्राप्ति अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८.२ प्रतिशतले कमी भई रु.१७ अर्ब ५८ करोड ८४ लाख रहेको छ। आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा प्रदेशको जम्मा राजस्व तथा अनुदान प्राप्ति रु.१९ अर्ब १४ करोड ६७ लाख रहेको थियो।

तालिका ३.२ प्रदेश सरकारको स्रोत परिचालनको स्थिति

रकम रु.लाखमा

| शीर्षक | आर्थिक वर्ष २०७६/७७ | | | आर्थिक वर्ष २०७७/७८ | | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | फागुनसम्मको प्राप्ति | प्रगति प्रतिशत | वार्षिक लक्ष्य | फागुनसम्मको प्राप्ति | प्रगति प्रतिशत | |
| आन्तरिक राजस्व | ३८०९९ | २२८३६ | ५९ | ५७४०७ | २६८०८ | ४७ | ७.७ |
| राजस्व बाँडफाँड | १०२७१८ | ५८६३१ | ५४ | १००३५२ | ५१५२६ | ५१ | १३.५ |
| नगद मौज्दात नेपाल बैंक | ६६१६३ | ३६६३८ | - | ५०००० | ६२१२२ | - | - |
| वित्तीय समानीकरण अनुदान | ८१६६६ | ४०८१३ | ५० | ७११८५ | ३५५९२ | ५० | -१२.९ |
| सशर्त अनुदान | ७७२५९ | ४३११८ | ५२ | ६०११६ | ३६५५६ | ६१ | -२२ |
| समपूरक अनुदान | १५००० | ४८९१ | ३२ | ८२२७ | ५२३१ | ६७ | १६.२ |
| विशेष अनुदान | २०००० | ३४०६ | १७ | ५३४० | ३२३१ | ६३ | ३.५ |
| नेपाल सरकारसँग ऋण | - | - | - | ५०००० | - | - | - |
| जम्मा | ३९२००५ | १९१४६७ | ४९.५ | ४३३७८८ | १७५८८४ | ४७.५ | -८.२ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१

३.९ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारको शुरु विनियोजित बजेट रु. ४२ अर्ब २० करोड ४ लाख रकम प्राप्ति हुने अनुमान गरिएकोमा कोभिड-१९ संक्रमणको प्रभावले संघबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रकम र आन्तरिक राजस्व संकलनमा संकुचन भएको एवम् स्रोत अनुमान यथार्थपरक हुन नसकेकोले आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सञ्चितकोषमा राजस्व, अनुदान तथा आय रु. २८ अर्ब ६९ करोड ६६ लाख मात्र प्राप्त भएको थियो ।

## स्थानीय तहलाई वित्तीय हस्तान्तरण

३.१० नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ र प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५ बमोजिम प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान हस्तान्तरण गरिएको छ । आर्थिक वर्ष ०७७/७८ को फागुन मसान्तसम्म प्रदेश अन्तरगतका १४ जिल्लाका १३७ स्थानीय तहहरुमा रु. १ अर्ब २५ करोड ५४ लाख हस्तान्तरण भएको छ गत आर्थिक वर्षमा यस्तो रकम रु १ अर्ब ६७ करोड ७८ लाख रहेको थियो।

तालिका नं. ३.३ स्थानीय तहलाई अनुदान हस्तान्तरण विवरण

रकम रु.लाखमा

| अनुदानको प्रकार | आर्थिक वर्ष २०७६/७७ को मूल विनियोजन | आर्थिक वर्ष २०७७/७८ को विनियोजन |
|---|---|---|
| वित्तीय समानीकरण अनुदान | १०००० | १०००० |
| सशर्त अनुदान | *३५०० | ३११६ |
| समपूरक अनुदान | १५००० | १५०३० |
| विशेष अनुदान | ५००० | - |
| जम्मा | ३३५०० | ३०२६६ |
| | *कार्यक्रम स्वीकृत ३ अर्ब ८६ करोड मात्रै | |
| आयुत समान्तरसम्बको लिकासा | १६७२६ | १६५५४ |

स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१

३.११ प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा रहेको सवारी साधन कर प्रदेश सरकार अन्तरगतका यातायात व्यवस्था कार्यालयहरूबाट संकलन भई प्रदेश विभाज्य कोषमा जम्मा हुने र प्रदेश सञ्चित कोषमा ६० प्रतिशत र स्थानीय विभाज्य कोषमा ४० प्रतिशत बाँडफाँट गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा सम्बन्धित स्थानीय तहले प्राप्त गर्ने हिस्सा अनुसारको रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिला गरिन्छ। सवारी साधन कर बाँडफाँटको तुलनात्मक विवरण देहाय अनुसार रहेको छः-

तालिका नं. ३.४ स्थानीय तहलाई सवारी साधन कर बाँडफाँटको विवरण

रकम रु.लाखमा

| आर्थिक वर्ष | स्थानीय विभाज्यकोषमा जम्मा हुने सवारी साधन करको वार्षिक रकम | आयुत समान्तरसम्बको संकलन/ बाँडफाँट |
|---|---|---|
| २०७६/७७ | १०३३६ | ४००३ |
| २०७७/७८ | ८२६३.५ | ४५८१ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१

## प्रदेशको आन्तरिक राजस्व सङ्कलनको अवस्था

३.१२ प्रदेशको आन्तरिक राजस्वका स्रोतहरूमा बाँडफाँट भई प्राप्त हुने सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क र व्यवसाय रजिष्ट्रेशन दस्तुर प्रमुख आन्तरिक आय रहेको छ। प्रदेशको एकल अधिकार क्षेत्रमा रहेको कृषि आयकर संकलनको लागि कानूनी र संस्थागत व्यवस्था हुन सकेको छैन। ढुङ्गा गिट्टी बालुवा जस्ता प्राकृतिक स्रोतको बिक्री शुल्क (दहत्तर बहत्तर शुल्क) बापत प्राप्त हुने रकममा पनि न्यून प्राप्ति र बाँडफाँटमा पनि कानूनी द्विविधा सिर्जना हुन थालेको छ ।

## प्रदेशको आन्तरिक राजस्वका प्रमुख स्रोतहरूको तुलनात्मक विवरण

३.१३ आर्थिक वर्ष ०७७/७८ को प्रथम आठ महिनामा सवारी साधन कर बापत सबैभन्दा बढी रु. ८३ करोड ७१ लाख प्राप्ति भएको छ । जुन कुल राजस्व संकलनको ३३.६९ प्रतिशत हुन आउँछ। यो गत वर्षको तुलनामा २८.२ प्रतिशतले वृद्धि भएको छ। साथै सबैभन्दा न्यून राजस्व प्राप्ति विविध आय शीर्षकमा भएको छ।जुन कुल राजस्व संकलनको ०.३४ प्रतिशत हुन आउँछ।

तालिका ३.४ प्रदेशको आन्तरिक राजस्वका प्रमुख स्रोतहरुको तुलनात्मक विवरण

रकम रु.लाखमा

| राजस्व शीर्षक | २०७६/७७ फागुनसम्मको प्राप्ति | २०७७/७८ फागुनसम्मको प्राप्ति | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| बाँडफाँट भई प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६७८५ | ५०६३ | -२५.४ |
| बाँडफाँट भई प्राप्त सवारी साधन कर | ६०७० | ८३९१ | ३८.२ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७५७ | १०२३ | ३५.२ |
| दहत्तर बहत्तरको बिक्री शुल्क | २५३ | ३८७ | ५३.१ |
| चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | २८३९ | २४३३ | -१६.७ |
| यातायातसेवाको आम्दानी | ६१२ | ६६० | ७.३ |
| अन्य प्रशासनिक सेवा शुल्क | ३६९ | १५० | -५९.३ |
| अनुदान/निकासको फिर्ता, बेरुजु | ४५९५ | ६५२८ | ४२.१ |
| विविध आय | २१८ | ८६ | -६०.३ |
| जम्मा | २२५४० | २४८४० | १०.२ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१

३.१४ कोभिड-१९ संक्रमणको महामारीको कारण सिर्जित बन्दाबन्दीको अवस्थामा सवारी साधन कर बुझाउन सेवाग्राहीले कार्यालयमा आउन नसकेको कारणले तोकिएको समयमै कर दाखिला गर्न नसकेको अवस्थामा प्रदेश सरकारबाट निर्णय भई म्याद थप गरिएको र थपिएको म्याद भित्र सवारी साधन कर बुझाउनेलाई थप दस्तुर र जरिवाना छुट दिने गरी सहुलियत प्रदान गरिएको थियो। गत वर्ष आषाढ मसान्तसम्म दाखिला गर्नु पर्ने सवारी साधन कर बन्दाबन्दीको कारण दाखिला हुन नसकेकोले म्याद थप गरी चालु आर्थिक वर्षमा संकलन भएको हुँदा र नयाँ सवारी साधन दर्ता एवम् प्रदेशिकरण भई आउने क्रम बढेकोले गत वर्षको तुलनामा सवारी साधन कर बढी संकलन भएको हो।

३.१५ मालपोत कार्यालयहरुबाट सङ्कलन भईरहेको घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेश आर्थिक ऐनले तोक्ने भएतापनि यसको प्रशासन र कानूनी व्यवस्थाको लागि नेपाल सरकारबाट हुने भएको हुँदा घरजग्गाको कारोबार सम्बन्धी नेपाल सरकारबाट भएको नीतिगत निर्णय र कानूनी व्यवस्था अनुसार यसको शुल्क सङ्कलनमा प्रभाव पर्दछ । यसका साथै कोभिड-१९को बन्दाबन्दीको समयमा कार्यालय नखुलेकोले घरजग्गा रजिष्ट्रेशन शुल्क सङ्कलनमा गत वर्षको तुलनामा कमी देखिएको हो।

# ४. बैंक तथा वित्तीय क्षेत्र

४.१ मुलुकको शासकीय स्वरुप संघीयतामा रुपान्तरण भएसँगै प्रत्येक स्थानीय तहहरुमा वाणिज्य बैंकको अनिवार्य उपस्थिति हुनपर्ने नीतिगत व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरे पश्चात प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थितिमा विस्तार भएको छ। त्यसैगरी, बीमा, सहकारी क्षेत्र, पूँजीबजार तथा निक्षेपमात्र परिचालन गर्ने संस्थाहरुको विकास तथा सेवाको विस्तार पनि बढ्दो क्रममा रहेको छ । प्रदेशगत रुपमा समेत धितोपत्र दलालका कार्यालयहरु उल्लेख्य संख्यामा स्थापना भएकाले धितोपत्र कारोबारको समग्र दायरा, कुल कारोबार रकम तथा लगानीकर्ताको सहभागितामा समेत उल्लेखनीय रुपमा बृद्धि भएको छ ।

## वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

४.२ २०७७ फागुन मसान्तसम्ममा प्रदेश नं. १ मा रहेका १३७ वटा स्थानीय तहहरुमध्ये १३६ वटा स्थानीय तहहरुमा वाणिज्य बैंकको शाखा पुगेका छन् । यसै वर्षको चैतमा ताप्लेजुङको मिक्वाखोला गाँउपालिकामा बैंकको शाखा विस्तार भएसँगै प्रदेश नं. १ का सम्पूर्ण स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखा पुगेका छन्।

४.३ २०७७ फागुन मसान्तसम्ममा यस प्रदेशमा वाणिज्य बैंकका ७०७ वटा, विकास बैंकका १७३ वटा, वित्त कम्पनिका ४४ वटा तथा लघुवित्त संस्थाका ६२८ वटा गरी कुल १,५५२ वटा शाखा पुगेका छन् । २०७६ फागुन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाका कुल शाखा १,५५१ वटा रहेका थिए ।

तालिका ४.१ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या

| बैंक तथा वित्तीय संस्था | फागुन मसान्त | |
|---|---|---|
| | २०७६ | २०७७ |
| वाणिज्य बैंक | ६६३ | ७०७ |
| विकास बैंक | १६५ | १७३ |
| वित्त कम्पनि | ४० | ४४ |
| लघुवित्त वित्तीय संस्था | ६८३ | ६२८ |
| कुल शाखा संख्या | १,५५१ | १,५५२ |

स्रोत: नेपाल राष्ट्र बैंक, विराटनगर

४.४ प्रदेश नं. १ अन्तर्गतका बैंक तथा वित्तीय संस्थाले प्रतिशाखा सेवा प्रवाह गरेको जनसंख्या ५,२९६ रहेको छ जुन गतवर्षको सोही अवधिमा ५,६८८ रहेको थियो।

४.५ २०७७ फागुन मसान्तसम्ममा प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाका ५३४ वटा ए.टि.एम. मेसिन सञ्चालनमा रहेका छन् भने १० लाख ४० हजार डेबिट कार्ड, १४,२७० वटा क्रेडिट कार्ड, ९०५ वटा प्रिपेड कार्ड जारी भएका छन् । गतवर्षको सोही अवधिको तुलनामा मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवा, शाखारहित बैंकिङ सेवा लिने ग्राहकको संख्या प्रदेश नं. १ मा उल्लेखनीय रुपमा बढेको छ ।

तालिका ४.५ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको बैंकिङ्ग सेवाको अवस्था

| बैंकिङ्ग सेवा | फागुन मसान्त | |
|---|---|---|
| | २०७६ | २०७७ |
| ए.टि.एम. मेसिन | ४८३ | ५३४ |
| डेबिट कार्ड | ८,८०,७२० | १०,३६,४५८ |
| क्रेडिट कार्ड | ११,९६५ | १४,२५० |
| प्रिपेड कार्ड | १,८०० | १०५ |
| मोबाइल बैंकिङ्ग सेवा | १४,६०,७४७ | १८,७१,००८ |
| इन्टरनेट बैंकिङ्ग सेवा | ६६,२९२ | ८६,२५० |
| शाखारहित बैंकिङ्ग सेवा | ३६२ | ५०१ |

स्रोत: नेपाल राष्ट्र बैंक, विराटनगर

## वित्तिय स्रोत तथा वित्तिय साधन परिचालनको अवस्था

४.६ २०७७ फागुन मसान्तसम्ममा यस प्रदेशका विभिन्न बैंक तथा वित्तिय संस्थाको खातामा कुल निक्षेप रकम विगतको सोही अवधिको तुलनामा ३३.० प्रतिशतले वृद्धि भई रु.३ खर्ब १७ अर्ब पुगेको छ भने कुल कर्जा रकम १७.२ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ४७ अर्ब पुगेको छ ।


तालिका ४.६ प्रदेश नं. १ मा बैंक तथा वित्तिय संस्थाको स्रोत तथा साधन परिचालन अवस्था

| वित्तीय स्रोत तथा साधन | फागुन मसान्त | | वृद्धिदर (%) |
|---|---|---|---|
| | २०७६ | २०७७ | |
| कुल निक्षेप (रु.करोड) | २३,८०२.४ | ३१,६६८.८ | ३३.० |
| कुल कर्जा (रु.करोड) | ३८,११०.६ | ४४,६६३.१ | १७.२ |

स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर

४.७ २०७७ फागुन मसान्तसम्ममा बैंक तथा वित्तिय संस्थाहरुले यस प्रदेश अन्तर्गतका जिल्लाहरुमध्ये मोरङ जिल्लामा सर्वभन्दा बढी रु.१ खर्ब ९२ अर्ब कर्जा प्रवाह गरेका छन् भने ताप्लेजुङ जिल्लामा सर्वभन्दा कम रु.२ अर्ब १८ करोड कर्जा प्रवाह गरेका छन् । प्रदेशको कुल कर्जा प्रवाहमा मोरङ, सुनसरी र झापा जिल्लाको हिस्सा ८८.१ प्रतिशत रहेको छ ।


चार्ट ४.१ प्रदेश नं. १ मा बैंक तथा वित्तिय संस्थाहरुको जिल्लागत कर्जा प्रवाहको अवस्था




स्रोत: नेपाल राष्ट्र बैंक, विराटनगर

४.८ २०७७ फागुन मसान्तसम्ममा बैंक तथा वित्तिय संस्थाहरुले यस प्रदेश अन्तर्गतका जिल्लाहरुमध्ये मोरङ जिल्लामा सर्वभन्दा बढी रु.१ खर्ब २ अर्ब निक्षेप परिचालन गरेका छन् भने भोजपुर जिल्लामा सर्वभन्दा कम रु.३ अर्ब ७१ करोड निक्षेप परिचालन गरेका छन्।प्रदेशको कुल साधन परिचालनमा मोरङ, सुनसरी र झापा जिल्लाको हिस्सा ७८.० प्रतिशत रहेको छ ।

चार्ट ४.२ प्रदेश नं. १ मा जिल्लागत निक्षेप रकमको अवस्था




स्रोत: नेपाल राष्ट्र बैंक, विराटनगर

४.९ २०७७ फागुन मसान्तसम्ममा यस प्रदेश अन्तर्गतका बैंक तथा वित्तीय संस्थामा कुल ४७ लाख १९ हजार निक्षेप खाता रहेकोमा ३३ लाख ७२ हजार खाता सक्रिय अवस्थामा रहेका छन् । सक्रिय अवस्थामा रहेका खाताहरुमध्ये पुरुष तथा महिलाको खाता क्रमशः ५८.३ प्रतिशत र ४१.७ प्रतिशत रहेको छ ।


४.१० कुल निक्षेप खाता मध्ये ४१ लाख ३४ हजार ९२० बचत खाता रहका छन् जुन प्रदेश नं. १ को कुल जनसंख्याको ८३.८ प्रतिशत रहेको देखिन्छ ।

### पुनरकर्जा

४.११ २०७८ वैशाख मसान्तसम्ममा प्रदेश नं. १ बाट ऋणी अनुसार प्रदान गरिने पुनरकर्जाको लागि नेपाल राष्ट्र बैंकमा रु.१३ अर्ब १८ करोड बराबरको रकमको लागि आवेदन प्राप्त भएकोमा रु.५ अर्ब ४५ करोड पुनरकर्जा स्वीकृति भएको छ भने बाँकी स्वीकृतिको प्रकृयामा रहेको छन् ।

४.१२ २०७८ वैशाख मसान्तसम्ममा स्वीकृत भएको पुनरकर्जामध्ये उत्पादन क्षेत्रतर्फ सर्वभन्दा बढी रु.२ अर्ब ३० करोड रहेको छ भने जलविद्युततर्फ सर्वभन्दा कम रु.२० करोड रहेको छ। जिल्लागत रुपमा मोरङ जिल्लाको लागि सर्वभन्दा बढी पुनरकर्जा रु.२ अर्ब ७२ स्वीकृत भएको छ भने संखुवासभा जिल्लाको लागि सर्वभन्दा कम पुनरकर्जा रु. ६ करोड पुनरकर्जा स्वीकृत भएको छ ।

चार्ट ४.३ प्रदेश नं. १ मा क्षेत्रगत रुपमा स्वीकृत भएको पुनरकर्जा




स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर

४.१३ जिल्लागत रूपमा प्रदेश नं. १ का झापा, मोरङ, सुनसरी, भोजपुर र संखुवासभा गरी ५ वटा जिल्लाहरुको लागि पुनरकर्जा स्वीकृत भएको छ ।

## बीमा

४.१४ मुलुक संघीयतामा प्रवेश गरेसँगै बिमा समितिले बिमा कम्पनीहरुलाई संघीय संरचना अनुरूप शाखा स्थापना तथा विस्तार गर्न जोड दिएको छ। २०७३ फागुन मसान्त सम्ममा मुलुकभित्र बीमकको शाखा संख्या जीवन तर्फ १,९३९ र निर्जीवन तर्फ ९६६ गरि कुल २,९०५ रहेको छ। बीमकको प्रदेशगत शाखा कार्यालयको विवरण देहाय बमोजिम रहेका छन्।

तालिका ४.५ बीमकको प्रदेशगत शाखा कार्यालयको विवरण

| प्रदेश | जीवन बीमा | निर्जीवन बीमा | जम्मा |
|---|---|---|---|
| १ | ३४८ | १५८ | ५०६ |
| २ | २६३ | १२१ | ३८४ |
| बागमती प्रदेश | ४६९ | ३०८ | ७७७ |
| गण्डकी प्रदेश | १९७ | १२४ | ३२१ |
| लुम्बिनी प्रदेश | २९३ | १२८ | ४२१ |
| कर्णाली प्रदेश | १५० | ३२ | १८२ |
| सुदुरपश्चिम प्रदेश | २२० | ४५ | २६५ |
| जम्मा | १,९३९ | ९६६ | २,९०५ |

स्रोत: राष्ट्रिय बीमा समिति

४.१५ २०७७ फागुन मसान्तसम्ममा नेपालमा बिमा कम्पनीको संख्या ४० पुगेको छ । कार्य प्रकृतिको आधारमा १९ जीवन बिमा, २० निर्जीवन बिमा र १ पुनर्बीमा कम्पनीले बिमा व्यवसाय सञ्चालन गर्दै आइरहेका छन् । त्यसैगरी, लगानीको आधारमा सरकारी लगानीको २, स्वदेशी लगानीको ३२, विदेशी कम्पनीको शाखा कार्यालय ३ र संयुक्त लगानीको २ बिमा कम्पनीहरू सञ्चालनमा रहेका छन् ।


४.१६ आर्थिक वर्ष ०७७/०७८ को फागुन मसान्तसम्ममा मुलुकमा कृषि तथा पशुपन्छी बिमामा रू.२७ अर्ब २४ करोड ८३ लाख बिमाङ्क रकम कायम भएको र सो बापत रू.१ अर्ब ९३ करोड ३७ लाख बराबर बिमा शुल्क संकलन भएको र नेपाल सरकारबाट प्रदान गरिने ७५ प्रतिशत कृषि बिमा कार्यक्रम बापतको अनुदान रू.९२ करोड ५३ लाख रहेको देखिन्छ ।

## पूँजी बजार

४.१७ २०७६ फागुन मसान्तसम्ममा प्रदेश नं. १ मा भएका बैंक तथा वित्तीय संस्था मार्फत खोलिएका DMAT खाताहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा ११.३ प्रतिशतले वृद्धि भई ९ लाख ९७ हजार २६३ पुगेको छ। गत वर्षको सोही अवधिमा यस्ता खाताहरुको संख्या ५ लाख १६ हजार ५,३८ रहेको थियो ।

४.१८ मुलुकको शासकीय स्वरूप संघीयतामा रूपान्तरण भएसँगै धितोपत्र दलालहरुले धितोपत्रको कारोबार सेवा जिल्ला तहमा विस्तार गरेका छन्। २०७७ फागुन मसान्तसम्म प्रदेश नं. १ मा १४ वटा धितोपत्र दलालहरुले शाखा विस्तार गरेका छन् ।

चार्ट : ४.७ प्रदेशगत धितोपत्र दलालहरूको संख्या (२०७७ फागुन मसान्त)




स्रोत: नेपाल स्टक एक्सचेन्ज

४.१९ आर्थिक वर्ष २०७७/७८ को आठ महिनासम्ममा प्रदेश नं. १ मा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयहरूबाट गत वर्षको तुलनामा कुल कारोबार रकम ३०८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ९२ अर्ब ३१ करोड पुगेको छ । गत वर्षको सोही अवधिसम्ममा यस्तो कारोबार रकम रु.१ खर्ब २७ अर्ब २५ करोड पुगेको थियो ।

## सहकारी क्षेत्र

४.२० २०७७ फागुन मसान्तसम्ममा प्रदेश नं.१ मा रहेका सहकारीहरूको कुल संख्या ४,७३७ रहेको छ । यसमध्ये प्रदेश नं. १ सरकारबाट नियमन हुने सहकारीहरूको संख्या १,०४३ रहेको छ । गतवर्षको सोही अवधिसम्ममा प्रदेश सरकारबाट नियमन हुने सहकारीको संख्या १,०५५ रहेको थियो ।

४.२१ प्रदेश नं. १ मा भएका सहकारीहरूले कुल रु.४१ अर्ब २१ करोड बराबरको बचत परिचालन गरेका छन् भने रु.३८ अर्ब ९५ करोड बराबरको ऋण लगानी गरेका छन्।

तालिका ४.५ प्रदेश १ मा अवस्थित सहकारी संस्थाको विवरण

| शीर्षक | २०७७ फागुन मसान्त |
|---|---|
| सहकारी संस्थाको संख्या | ४,७३७ |
| सदस्य संख्या | ६,३५,७०० |
| कुल शेयर पूँजी (रु.हजारमा) | ८,२००,३८७ |
| कुल बचत (रु.हजारमा) | ४१,२१५,२०१ |
| कुल ऋण लगानी (रु.हजारमा) | ३८,९४,२,९१५ |
| कुल रोजगारी संख्या | २०,८५७ |

स्रोत: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश १

# ५. गरिबी निवारण र रोजगारी

## गरिबी निवारण

५.१ गरिबी निवारणमा उल्लेख्य प्रगति भईरहेकोमा सन् २०१९ को डिसेम्बर देखि फैलिएको कोभिड-१९ विश्वव्यापी महामारीका कारण रोजगारीको अवसरमा संकुचन आई आर्थिक वर्ष आर्थिक वर्ष २०८०/८१ सम्म निरपेक्ष गरिबीलाई १० प्रतिशत भन्दा कममा झार्ने लक्ष्य चुनौतीपूर्ण बन्दै गएको छ। महामारीको कारण निरपेक्ष गरिबीको रेखाको आसपासमा रहेका आर्थिक एवम् सामाजिक रुपले विपन्न, गरिब र बञ्चितिकरणमा परेका वर्ग, क्षेत्र र समुदाय गरिबीको दुश्चक्रमा पर्ने जोखिमको न्यूनीकरण गर्ने चुनौती रहेको छ।

५.२ पन्ध्रौं योजनामा गरिबी निवारणलाई राष्ट्रिय रणनीतिको रुपमा अंगीकार गरे सँगै संघ प्रदेश र स्थानीय तहका सरकारबाट गरिबी निवारणका लागि लक्षित कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यसबाट आर्थिक सामाजिक सूचकहरुमा सुधार हुँदै गएको छ । कोभिड-१९ महामारीको प्रभाव लामो समयसम्म कायम रहेमा आर्थिक बर्ष २०८०/८१ सम्ममा गरिबीलाई ११ प्रतिशमा झार्ने १५ औं योजनाको लक्ष्य हासिल गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

५.३ संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्ष ०.५७९ को तुलनामा सुधार भई ०.६०२ रहेको छ ।

५.४ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म २३ जिल्लाका ११ लाख ५० हजार गरिब घर परिवार पहिचान गरी सो को तथ्यांक संकलन गरिएको छ । यसबाट सम्बन्धित जिल्लामा गरिब घरपरिवार लक्षित कार्यक्रम सञ्चालन गर्ने आधार तय भएको छ।

५.५ विकासका आयाममा गरिबी निवारण अन्तर्गत सम्बन्धित विषय भएकोले विकासका हरेक क्रियाकलाप र आयोजनाहरुलाई गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्ने देखिन्छ । प्रदेश नं १ मा बहुआयामिक गरिबीको दर राष्ट्रिय औसत दर भन्दा उच्च रहेको छ ।

५.६ गरिबी निवारण नीति, २०७६ ले प्रदेश र स्थानीय तहमा संचालनममा रहेका गरिबी निवारण सम्बन्धी सबै कार्यक्रम तथा आयोजनाहरुमा नेपाल सरकारले प्रभावकारी समन्वय र सहकार्य गर्ने नीति लिएको छ । यस्तै गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र अनुगमन साथै गरिब परिवार पहिचान सम्बन्धी प्रादेशिक सर्भेक्षण गरिब परिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजना, संघ र स्थानीय तहहरुसँग सहकार्य गर्ने जस्ता कार्य जिम्मेवारी प्रदेश सरकारको हुने गरी निर्दिष्ट गरिएको छ ।

५.७ नेपालमा पहिलो पटक २०७४ मा बहुआयामिक गरिबीको मापन गरी नतिजा सार्वजनिक गरिएको थियो । राष्ट्रिय योजना आयोग र Oxford Poverty and Human Development Initiative बाट भएको उक्त सर्भेक्षणले प्रादेशिक संरचना अनुसारको गरिबीको अवस्थालाई समेत तथ्याङ्कीय रुपमा नतिजा प्रकाशन गरेको थियो । यसै सर्भेक्षणका आधारमा प्रदेश नं. १ बहुआयामिक गरिबीलाई समग्र नेपालको अवस्थासँग तुलना गरी तालिका नं ५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं।५.६। प्रदेश नं १ को बहुआयामिक गरिबीको स्थिति

| गरिबीको विवरण | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| बहुआयामिक गरिबी प्रतिशत | १९.७ | २८.६ |
| गरिबीको सघनता प्रतिशत | ४३.२ | ४४.२ |
| बहुआयामिक गरिबीको सूचकांक | ०.०८५ | ०.१२७ |

स्रोत: राष्ट्रिय योजना आयोग

५.८ बहुआयामिक गरिबी राष्ट्रिय औसत २८.६% रहेको छ भने यस प्रदेशको बहुआयामिक गरिबी १९.७% छ। शहरी क्षेत्रमा निरपेक्ष गरिबी कम देखिए पनि गरिबीको सघनता उच्च रहेको छ । प्रदेश नं १ मा गरिबीको सघनता ४२.३ प्रतिशत रहेको छ जुन राष्ट्रिय प्रतिशतको हाराहारी रहेको छ ।यस्तै राष्ट्रिय बहुआयामिक गरिबीको सूचकांक ०.१२७ रहेकोमा यस प्रदेशको यस्तो सूचकांक ०.०८५ रहेको छ ।जुन नेपालको बहुआयामिक गरिबी सूचकांकको तुलनामा ०.०४२ ले घटी हो।

## रोजगारी

५.९ नेपालको संविधानले रोजगारीको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । संविधानमा सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकको हक, अधिकार र विवाद सम्बन्धी कार्यलाई संघ तथा प्रदेशको साझा अधिकार क्षेत्र भित्र रहेकोछ। दिगो विकासका लक्ष्य पुरा गर्न पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनुपर्ने, सन् २०३० सम्ममा बाल श्रमलाई पूर्ण रूपमा उन्मूलन गर्नुपर्ने तथा अर्ध बेरोजगारीलाई १० प्रतिशत भन्दा कममा ल्याउनुपर्ने भएको छ।

५.१० श्रमशक्तिको माग र आपूर्तिबीच सामन्जस्यता कायम गर्ने गरी सिपयुक्त, गुणस्तरीय जनशक्ति विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सिपमूलक एवम् व्यवसायिक तालिम संचालन भईरहेका छन् । संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माण कार्यमा श्रममूलक प्रविधिलाई महत्व दिइएको छ। सबै स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिलाई सूचीकृत गरी रोजगारीका अवसरका साथै न्यूनतम रोजगारी प्रत्याभुति गर्ने उद्देश्य लिई प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरिएको छ। तथापि कोभिड-१९ महामारीको कारण नेपालको आन्तरिक तथा वैदेशिक श्रम बजार प्रभावित भएकोले सार्वजनिक निजी र सहकारी क्षेत्रमा रोजगारी उपलब्ध गराउने लक्ष्य चुनौतिपूर्ण बन्दै गएको छ ।

५.११ यस प्रदेशमा जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार १५ देखि ४९ वर्ष उमेरका ७५.८ महिला कृषिमा संलग्न छ भने सोही उमेरका ३१.२ प्रतिशत पुरुष मात्र कृषि कार्यमा छन् । कुनै पनि शिक्षा नभएका ४१.८ प्रतिशत पुरुष कृषिमा लागेको देखिन्छ । उक्त सर्वेक्षणका आधारमा हेर्दा १५ देखि ४९ वर्ष उमेरका ३१ प्रतिशत महिला र १९.१ प्रतिशत पुरुष यस प्रदेशमा बेरोजगार छन् । १५ देखि ५९ वर्षका २७.८ प्रतिशत मानिस अर्ध बेरोजगारीको स्थितिमा छन्, जस मध्ये एकचौथाई काम गरे पनि गरिबी अवस्थामा छन् ।

५.१२ यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने सङ्ख्याको अनुपात २५.५१ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा जाने अधिकसङ्ख्या रहेका १० जिल्लामध्ये प्रदेशमा तीन जिल्ला (झापा, मोरङ र सुनसरी) पर्दछन् । महिला वैदेशिक रोजगारीमा जाने अधिकतम १० जिल्ला मध्ये चारवटा जिल्ला (झापा, मोरङ, इलाम र सुनसरी) पर्दछन् ।

५.१३ रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को व्यवस्था अनुसार प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्न तथा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूति गरेको छ ।

## महिला रोजगारीको अवस्था

५.१४ प्रदेशमा महिला बेरोजगार दर ११.९ प्रतिशत छ भने महिलाको श्रमशक्तिमा सहभागी हुने दर २५.६ प्रतिशत मात्र रहेको छ। जनसङ्ख्याको अनुपातमा रोजगार दर २२.६ प्रतिशत रहेको छ । तर, यी सबै सूचकहरुमा ग्रामीण क्षेत्रका महिला अझै पछाडि रहेको देखिन्छ । उमेर समूहको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी ३५ देखि ३९ उमेर समूहका महिला रोजगारीमा रहेका छन् भने २० देखि २४ वर्षका महिलाहरु बढी बेरोजगार रहेका देखिन्छन् ।

तालिका नं (५_२) प्रदेश नं १ मा महिला रोजगारीको अवस्था


| प्रकार | सहर | गाउँ | जम्मा |
|---|---|---|---|
| १५ वर्ष माथिको जनसङ्ख्या | ११९७ | ७३० | १९४७ |
| श्रमशक्ति | ३५१ | १६१ | ५०२ |
| रोजगार | २९४ | १४८ | ४४३ |
| बेरोजगार | ५७ | १३ | ६० |
| श्रमशक्ति बाहिर | ८४६ | ५३१ | १४४६ |
| दर (प्रतिशत) | | | |
| बेरोजगार दर | १३.९ | ७.८ | ११.९ |
| रोजगारदर/जनसंख्याको अनुपात | २४.५ | १९.५ | २२.६ |
| श्रमशक्तिमा सहभागी दर | २८.४ | २१.२ | २५.६ |

स्रोत: प्रदेश प्रोफाइल, प्रदेश योजना आयोग

## सूचिकृत बेरोजगारीको अवस्था

५.१५ नेपालको अर्थतन्त्रको प्रमुख चुनौतिको रुपमा रोजगारी विस्तार गर्नुपर्ने विषय रहेको छ । प्रदेश नं. १ मा विद्यमान बेरोजगारीको अवस्थाबाट यो चुनौतिको अवस्थालाई पुष्टि गर्दछ । प्रधानमन्त्री रोजगारी कार्यक्रम अन्तर्गत २०७७ चैत्र मसान्तसम्म प्रदेशको जिल्लागत सूचिकृत बेरोजगारीको कुल संख्या ९९ हजार ९०३ जना रहेको छ । सबभन्दा बढी सूचिकृत बेरोजगार सुनसरी जिल्लामा १० हजार ९५५ को संख्यामा छन् भने सबभन्दा कम सूचिकृत बेरोजगार संखुवासभा जिल्लामा ४ हजार ९ को संख्यामा रहेका छन् ।

चार्ट नं. ५.१ जिल्लागत सूचिकृत बेरोजगारीको संख्या



स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम

५.१६ आर्थिक वर्ष २०७६/७७ मा १३७ स्थानीय तहमध्ये १०१ स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भएको थियो । उक्त कार्यक्रम अन्तरगत १५ हजार ४८ जनाले औषत १६ दिन बराबरको रोजगारी प्राप्त गरेका थिए । आ.व. ०७५/७६ मा उक्त कार्यक्रम ११५ स्थानीय तहमा संचालन गरिएको थियो भने १ हजार ३४७ आयोजनामा २१ हजार ३६३ जनाले औसत १४.९४ दिन बराबरको रोजगारी प्राप्त गरेकाथिए।

चार्ट नं. ५.२ प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था




## बाल श्रमको अवस्था

५.१७ बालबालिकाहरूलाई उनीहरूको बाल्यावस्था र शिक्षा, स्वास्थ्य, सुरक्षा र नैतिक विकासको अधिकारलाई वंचित गराउने जुनसुकै कार्य बाल श्रम हो । बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१ (Nepal Child Labor Report २०२१) अन्तराष्ट्रिय श्रम संगठनले केन्द्रीय तथ्यांक विभागको सहकार्यमा प्रकाशित गरेको बाल श्रम सम्बन्धी दोस्रो राष्ट्रिय प्रतिवेदन दोस्रो Nepal Labor Force Survey २०१७/२०१८ को डाटा सेटको विश्लेषणबाट तयार गरिएको यस प्रतिवेदनले राष्ट्रिय तथा प्रदेशस्तरमा बाल श्रमको अवस्था देखि लिएर खतरनाक पेशामा उनीहरूको संलग्नतालाई व्यापक रुपमा समेट्नुका साथै उमेर, लिंग, क्षेत्र, प्रदेशहरु साथै जातीय आधारमा छुट्याएर विश्लेषण गरेको छ ।

५.१८ प्रतिवेदनका अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेरका कुल ७० लाख बालबालिकाहरु मध्ये ११ लाख बालबालिका (१५.३%) बाल श्रममा संलग्न रहेको पाइयो जुन सन् २००८ (१६ लाख) को तुलनामा

उल्लेखनीय गिरावट हो । त्यसैगरी ५ देखि १३ वर्ष उमेरका १८% तथा १४ देखि १७ वर्ष उमेरका १०% बालबालिका बाल श्रममा रहेका छन् । उक्त प्रतिवेदन अनुसार प्रदेश नं. १ मा ५ देखि १७ वर्ष उमेरका कुल ११ लाख ४१ हजार बालबालिकाहरु मध्ये २ लाख ३ हजार बालबालिका (१७.८३%) बाल श्रममा संलग्न रहेका छन् ।

तालिका नं (५.३) ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत

| बालबालिका (हजारमा) | | बाल श्रमिक (हजारमा) | | बाल श्रमिक प्रतिशत | |
|---|---|---|---|---|---|
| नेपाल | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ |
| ७०५५ | ११४१ | १०८२ | २०३ | १५.३ | १७.८ |

स्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

५.१९ देश भरमा ५-१३ उमेर समूहका ८ लाख ४८ हजार बालबालिका मध्ये प्रदेश नं. १ मा १ लाख ४६ हजार रहेका छन् । यस्तै देश भरका १४-१७ उमेर समूहका १ लाख ४१ हजार बालबालिका मध्ये ५७ हजार बालबालिका प्रदेशमा रहेका छन् भने ५-१७ उमेर समूहका देश भरका ५ लाख ४ हजार बालबालिका मध्ये प्रदेशमा २ लाख ३ हजारको संख्यामा रहेका छन् ।

तालिका नं (५.४) लिङ्ग एवं उमेरको आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत

(हजारमा)

| | लिङ्ग | उमेर समूह १ (५-१३) | उमेर समूह २ (१४-१७) | उमेर(५-१७) | जम्मा बालबालिका (५-१७) |
|---|---|---|---|---|---|
| नेपाल | पुरुष | ३६३ | १४१ | ५०४ | ३,६३२ |
| | महिला | ४८५ | ९३ | ५७८ | ३,४२३ |
| | जम्मा | ८४८ | २३४ | १,०८२ | ७,०५५ |
| प्रदेश नं १ | पुरुष | ७० | ३७ | १०७ | ५९६ |
| | महिला | ७६ | २० | ९६ | ५४५ |
| | जम्मा | १४६ | ५७ | २०३ | १,१४१ |

स्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

तालिका नं (५.५) लिङ्ग, उमेर तथा क्षेत्रका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत


(हजारमा)

| | लिङ्ग | उमेर समूह १ (५-१३) | | उमेर समूह २ (१४-१७) | | उमेर(५-१७) | | जम्मा बालबालिका (५-१७) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सहरी | ग्रामिण | सहरी | ग्रामिण | सहरी | ग्रामिण | सहरी | ग्रामिण |
| नेपाल | पुरुष | १६३ | १९९ | ८३ | ५८ | २४६ | २५७ | २,२४८ | १,३८३ |
| | महिला | २२५ | २६० | ४१ | ४६ | २५४ | ३०६ | २,०३२ | १,३९१ |
| | जम्मा | ३८८ | ४५९ | १२४ | १०४ | ५१२ | ५६० | ४,२८० | २,७७४ |
| प्रदेश नं १ | पुरुष | २३ | ४८ | २१ | १७ | ४२ | ६५ | | |
| | महिला | २५ | ५१ | ११ | १० | ३५ | ६१ | | |
| | जम्मा | ४८ | ९८ | ३० | २७ | ७७ | १२६ | | |

स्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

## वैदेशिक रोजगार

चार्ट नं. ५.३ प्रदेशमा रोजगारीका लागि श्रम स्वीकृती प्राप्त जनशक्तिको जिल्लागत विवरण




| | ताप्लेजुङ | पाँचथर | इलाम | झापा | संखुवासभा | तेह्रथुम | धनकुटा | भोजपुर | खोटाङ | ओखलढुंगा | सोलुखुम्बु | उदयपुर | सुनसरी | मोरङ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ३८८ | ७७६ | ८३८ | ४१५१ | ५७४ | ४०० | ५४९ | ४२६ | १७७ | ५७५ | ३३३ | ९६८ | २९१८ | ३३८९ | १५५३१ |
| महिला | ३६ | ७१ | १३५ | ६०३ | ७८ | १८ | ७७ | ७९ | ६० | ७२ | ९७ | १०१ | ३१५ | ३७६ | १९२२ |
| पुरुष | ३५२ | ७०५ | ७०३ | ३५४८ | ४९६ | ३८२ | ४७२ | ३४७ | ११७ | ५०३ | २३३ | ८६७ | २६०३ | ३०१३ | १३६०९ |



५.२० प्रदेश नं. १ मा चालु आ.व. को फागुन मसान्तसम्म वैदेशिक रोजगारीका लागि स्वीकृति प्राप्त १५ हजार ५३१ जनामध्ये जिल्लागत रुपमा सबैभन्दा बढी झापामा ४ हजार १५१ जना र सबैभन्दा कम सोलुखुम्बुमा रहेका छन् । यस्तै लैङ्गिक हिसावले सबैभन्दा बढी झापा जिल्लाबाट ६०३ जना र सबैभन्दा कम महिला तेह्रथुममा १८ जनाले महिलाले मात्र श्रम स्वीकृती लिएका छन् ।

चार्ट नं. ५.४ प्रदेशमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्राप्त जनशक्तिमा महिला र पुरुषको अनुपात





५.२१ प्रदेश नं. १ मा चालु आ.व. को फागुन मसान्तसम्म वैदेशिक रोजगारीका लागि स्वीकृति प्राप्त १५ हजार ५३१ जनामध्ये पुरुष ८९ प्रतिशत र महिला ११ प्रतिशत रहेका छन् ।

# ६. कृषि वन तथा भूमिसुधार

## कृषि क्षेत्रको प्रादेशिक स्थिति:

६.१ कृषिप्रधान भनेर चिनिएको हाम्रो देशमा प्रदेश नं. १ पनि कृषिको लागि प्रचुर सम्भावना बोकेको प्रदेश हो । यहाँ बसोबास गर्ने कुल जनसंख्या मध्ये २७ लाख २० हजार ९६५ नागरिकहरु कृषि पेशामा आबद्ध रहेका छन् जुन यहाँको कुल जनसंख्याको ६० प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०७६/७७ को तथ्याङ्क अनुसार यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले (कृषि, पशुपन्छी र मत्स्य समेत) ३६.७५ प्रतिशत योगदान रहेको छ।

६.२ यहाँ उत्पादन हुने प्रमुख कृषि बालीको न्यूनतम समर्थन मुल्य प्रदेश सरकारबाट अलग्गै निर्धारण नगरी संघीय सरकारले निर्धारण गरेको मुल्यलाई नै अवलम्बन गरिएको छ। जसअनुसार आर्थिक वर्ष २०७६/०७७ मा मोटा धानको न्युनतम समर्थन मूल्य प्रति क्वीन्टल रु. २ हजार ५३१.८० कायम भएकोमा चालु आर्थिक वर्ष मा रु. २ हजार ७३५ कायम भएको छ। त्यस्तै मध्यम धानको प्रति क्वीन्टल मूल्य रु. २ हजार ६७३ रहेकोमा चालु वर्ष रु. २ हजार ८८५ कायम भएको छ। चालु आर्थिक वर्षमा गहुँको समेत न्युनतम समर्थन मूल्य कायम गरी प्रति क्वीन्टल रु. ३ हजार १५ पैसा ३४ कायम गरिएको छ।


६.३ यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ७९ वटा ब्लक, २६ वटा जोन र १ वटा सुपरजोन रहेका छन्। यस प्रदेशमा मुख्यगरी धान, मकै, गहुँ, आलु, अदुवा, अलैंची, च्याउ जस्ता प्रमुख खाद्यान्न र नगदे बाली उत्पादन हुन्छ ।

तालिका ६.१ प्रमुख खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व

| बाली | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
|---|---|---|---|---|
| धान | १५५९३३३ | ३.९२ | १३११२५५ | ३.९४ |
| मकै | ८३५०५८ | २.८५ | ८३५०५० | २.९ |
| गहुँ | १५०९३१ | २.४१ | १५१००० | २.४१ |
| तरकारी | ७३९३१५ | १५.५२ | ६३१०१८ | १३.० |
| फलफुल | २५१२०९ | ९.६२ | २५१३५० | ९.५ |
| आलु | १८८९५५ | १५.८३ | ७९५३३८ | १२ |
| अलैंची | ६९५३ | ०.५० | ७३५० | ०.५३ |
| दलहन | ५१८८१ | १.१२ | ५१८८१ | १.१२ |
| तेलहन | ५९५६४ | १.१८ | ५९७६५ | १.१८ |

स्रोत: भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १।

चार्ट ६.१ प्रदेश १ मा उत्पादन हुने प्रमुख खाद्यान्न बालीको अवस्था



६.४ माथिको स्तम्भचित्रले प्रदेश नं. १ मा आर्थिक वर्ष २०७३/०७४ र चालु आर्थिक वर्ष २०७४/०७५ को आषाढ मसान्तसम्म हुने प्रक्षेपित उत्पादनलाई तुलना गरेको छ। स्तम्भचित्र अनुसार आर्थिक वर्ष २०७३/०७४ मा सबैभन्दा बढी उत्पादन धानको भएको छ। त्यस्तै दोस्रो र तेस्रो प्रमुख उत्पादन आलु र मकैको भएको देखिन्छ। गत वर्षको तुलनामा चालु आर्थिक वर्ष २०७४/०७५ मा प्राय सबैजसो खाद्यान्न बालीको उत्पादनमा ह्रास आउने अनुमान गरिएको छ।

## खाद्यान्न बालीको प्रदेशगत उत्पादन स्थिति

६.५ आर्थिक वर्ष २०७४/७५ मा धान बालीको कुल उत्पादन ५६ लाख २१ हजार ७ सय १० मेट्रिक टनमध्ये प्रदेश नं. १ २२.७ प्रतिशत हुने अनुमान रहेको छ।

तालिका ६.२ चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीको प्रदेशगत उत्पादनको अनुमान

| बाली/प्रदेश | धान | मकै | गहुँ | कोदो | जौ | फापर |
|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | २२.७ | २९.४ | ९.७ | २८.१ | ६ | २४.३ |
| कुल उत्पादन # | ५६२१७१० | २९९६९४८ | १९७९९५६ | ३१६५०३ | ३१०४४ | १२०३६ |

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७५ # मेट्रिक टनमा

६.६ आर्थिक वर्ष २०७४/७५ मा सबैभन्दा बढी मकै प्रदेश नं. १ मा २९.४ प्रतिशत उत्पादन हुने अनुमान छ भने गहुँ र कोदोको उत्पादन क्रमशः ९.७ प्रतिशत र २८.१ प्रतिशत हुने अनुमान रहेको छ।

## सिंचाई सुविधा

६.७ प्रदेशमा रहेको जिल्लागत सिंचाई सुविधाको अवस्थालाई तलको तालिकाबाट थप स्पष्ट पार्न सकिन्छ।


तालिका ६.३ जिल्लागत हालका सिंचाई सुविधाको अवस्था

| | Command Area (Ha ) | |
|---|---|---|
| जिल्ला | GCA (Gross Command Area) | CCA (Culturable Command Area) |
| ताप्लेजुङ | ३५६ | ३४८ |
| पाँचथर | १४९८ | १४८४ |
| इलाम | ३४९२ | २९८३ |
| संखुवासभा | १६३०.२ | ८४० |
| तेह्रथुम | ८२३० | ३६५४ |
| धनकुटा | २२३७ | १५०२ |
| भोजपुर | ४८८१ | ४३८४.२ |
| खोटाङ | २५१४.५ | १८७४ |
| सोलुखुम्बु | १६०६ | १४३६ |
| ओखलढुंगा | ११५४.९२ | ८६५.७५ |
| उदयपुर | ४८७५ | ३३०६ |
| झापा | २५५६३ | २२०१० |
| सुनसरी | १८५५६ | ७८५२ |
| मोरङ | ५६७६५ | ८२०३.४ |

(स्रोत:भौतिक पुर्वाधार विकास मन्त्रालय)

६.८ माथि उल्लेखित तालिका अनुसार प्रदेश नं. १ का १४ जिल्लाहरु मध्ये GCA को हिसावमा सबैभन्दा बढी सिंचाई सुविधा मोरङ जिल्लामा पुगेको देखिन्छ भने CCA को हिसावमा झापा सबैभन्दा अगाडि रहेको देखिन्छ। त्यस्तै सबैभन्दा थोरै सिंचाई सुविधा ताप्लेजुङ जिल्लामा रहेको देखिन्छ। कृषिप्रधान मुलुकमा कृषि क्षेत्रको उत्पादन वृद्धि गर्नका लागि सिंचाई सुविधामा थप विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ।

चार्ट ६.३ जिल्लागत सिंचाई सुविधाको अवस्था



६.९ माथिको स्तम्भचित्रले प्रदेश नं. १ मा सिंचाई सुविधाको अवस्थालाई देखाएको छ। जसअनुसार कुल सिंचाई सुविधामा मोरङ र खेतीयोग्य जमिनमा सिंचाई सुविधाको उपलब्धताको आधारमा झापा जिल्लामा सबैभन्दा धेरै सिंचाई सुविधा पुगेको देखिएको छ। त्यस्तै सबैभन्दा न्यूनतम सिंचाई सुविधा ताप्लेजुङ जिल्लामा रहेको देखिएको छ।

## कृषि क्षेत्रमा सहकारीको भूमिका

६.१० कुल जनसंख्याको करिब ६० प्रतिशत नागरिक कृषिमा आवद्ध भएको यस प्रदेशमा चालु आर्थिक वर्ष मा जम्मा १ हजार ४३ वटा सहकारी संस्थाहरुले आफ्नो कुल कर्जा प्रवाह रु. १६ अर्ब ७३ करोड ८४ लाख ६२ हजार ९९० मध्ये कृषि क्षेत्रमा रु. ६ अर्ब ६९ करोड ५३ लाख ८५ हजार १९६ कर्जाप्रवाह गरेको देखिन्छ। जुन कुल कर्जा प्रवाहको ४० प्रतिशत हुन आउँछ। १ हजार ४३ वटा सहकारीले प्रदेश नं. १ मा ४ हजार जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन्। यी मध्ये ६२३ सहकारीले वित्तीय कारोवार समेत गर्ने गर्दछन्।

चार्ट ६.२ कृषि क्षेत्रमा सहकारीको भूमिका



कृषि उत्पादनको जिल्लागत विभाजन

६.११ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले प्रदेश नं. १ का विभिन्न जिल्लालाई त्यहाँको उत्पादन सम्भाव्यता र क्षमताको आदिको आधारमा जोन, सुपरजोन आदिको रुपमा विकास गरी कृषि क्षेत्रको विकास र विस्तारको लागि प्रयास गरिरहेको छ। यस प्रदेशमा झापा जिल्लालाई धान खेतीको सुपरजोनको रुपमा विकास गर्नका लागि आवश्यक लगानी भैरहेको छ। त्यस्तै अलैंची उत्पादनको लागि पाँचथर, ताप्लेजुङ, तेह्रथुम, भोजपुर तथा संखुवासभा जिल्लालाई अलैंची जोनको रुपमा विकास गरिएको छ। सो सम्बन्धित विस्तृत विवरण संलग्न तालिका बमोजिम रहेको छ।

तालिका ६.४ जिल्लागत रुपमा जोन तथा सुपरजोनको विवरण

| जिल्ला | बाली | जोन |
|---|---|---|
| झापा | धान | सुपरजोन |
| | रबर, सुपारी, मकै | जोन |
| इलाम | किवि, गाई | जोन |
| पाँचथर | अलैंची | जोन |
| ताप्लेजुङ | अलैंची | जोन |
| मोरङ | धान, माछा | जोन |
| सुनसरी | अदुवा/बेसार, तरकारी, माछा, धान, बंगुर | जोन |
| धनकुटा | तरकारी | जोन |
| तेह्रथुम | अलैंची | जोन |
| भोजपुर | अलैंची | जोन |
| संखुवासभा | अलैंची | जोन |
| उदयपुर | सुन्तलाजात फलफूल, अदुवा/बेसार, बहुबाली (धान,मकै, आलु) | जोन |
| ओखलढुंगा | आलु | जोन |
| खोटाङ | मकै/मकै बीउ | जोन |
| सोलुखुम्बु | सुन्तलाजात फलफूल,अदुवा/बेसार,किवि | जोन |

(स्रोत:भूमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय)

## राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान

६.१२ राष्ट्रिय उत्पादनमा प्रदेशको योगदानलाई विश्लेषण गर्दा अलैंची उत्पादनमा सबै भन्दा बढी ९४.२ प्रतिशत रहेको छ। आलीमत रुपमा राष्ट्रिय उत्पादनमा प्रदेशको योगदानलाई तपसिलको तालिकाबाट थप प्रष्ट पारिएको छ।

तालिका ६.५ राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान

| मकै | धान | गहुँ | आलु | अलैंची | अदुवा | दुध |
|---|---|---|---|---|---|---|
| २८.३ | २१.५ | १०.२ | ३३.१ | ९४.२ | ३४.८ | २०.३ |

(स्रोत: प्रदेश सचिवि, प्रदेश योजना आयोग)

## वन

### वन क्षेत्र सम्बन्धी विवरण

६.१३ 'हरियो वन नेपालको धन' उखानले नै नेपाल प्राचिन समयबाट नै वनसम्पदामा धनी रहेको बुझिन्छ। पछिल्लो तथ्याङ्कअनुसार नेपालमा करिब ४४ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ। त्यस्तै प्रदेश १ ले कुल वन क्षेत्रफलको १७.१६ प्रतिशत क्षेत्रफल ओगटेको छ। राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वन गरी विभिन्न प्रकारका वनहरु रहेका छन्। त्यस्तै राज्यले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र स्थापना गरी वन क्षेत्रको संरक्षण गर्ने प्रयास गरेको छ।

६.१४ प्रदेश नं. १ मा आर्थिक वर्ष २०७६/०७७ को तथ्याङ्क अनुसार कुल ११ लाख ३४ हजार २५० हेक्टर वन क्षेत्र रहेको छ। सो मध्ये ४ लाख २४ हजार ७१४.४४ हेक्टर सामुदायिक वन क्षेत्र रहेको

छ जसमा ५ लाख २४ हजार २९० घरधुरी संलग्न रहेका छन् र २ हजार ५७५ वटा समूहहरु यसमा संलग्न रहेका छन्।

६.१५ सामुदायिक वनक्षेत्रबाट आर्थिक वर्ष २०७६/७७ मा रु २ करोड ६५ लाख आम्दानी भएकोमा यो आर्थिक वर्ष को फागुन मसान्तसम्म रु २७ लाख आम्दानी भएको छ। त्यस्तै मुल्य अभिवृद्धि कर तर्फ गत वर्ष रु २ करोड ७० लाख संकलन भएकोमा चालु आर्थिक वर्ष को फागुन मसान्तसम्म रु ७६ लाख ४८ मात्र संकलन भएको देखिएको छ।

६.१६ कुल ९ हजार १२१ घरधुरी संलग्न भएको कबुलियति वनको क्षेत्रफल प्रदेश नं. १ मा ४ हजार ५५.४१ हेक्टर रहेको छ।

तालिका ६.६ प्रदेश नं. १ मा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरु

| क्र.सं. | निकुञ्ज तथा आरक्ष | स्थापना (वि.सं.) | क्षेत्रफल (Sq.km) | अवस्थित जिल्ला |
|---|---|---|---|---|
| १ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३३ | ११४८ | सोलुखुम्बु |
| २ | मकालु बरुण राष्ट्रिय निकुञ्ज | २०४८ | १५०० | सोलुखुम्बु र संखुवासभा |
| ३ | कोशी टप्पु वन्य जन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी, सप्तरी, उदयपुर |
| ४ | कञ्चनजंघा संरक्षण क्षेत्र | २०५४ | २०३५ | ताप्लेजुङ |

(स्रोत: प्रदेश सचिवालय, प्रदेश योजना आयोग)

तालिका ६.७ प्रदेशगत वन क्षेत्रको स्थिति

| प्रदेशको नाम | प्रदेशको क्षेत्रफल (हेक्टर) | वन क्षेत्र (हेक्टर) | नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) | प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश नं. १ | २५९०५०० | ११३४२५० | १७.१६ | ४३.७८ |
| नेपालको जम्मा | १४७१८१०० | ६६०९९५० | १०० | ४४.७४ |

स्रोत: वन तथा वातावरण मन्त्रालय, २०७७

६.१७ नेपालको कुल वन क्षेत्रमा प्रदेश नं. १ को हिस्सा १७.१६ प्रतिशत रहेको स्थिति छ। जुन प्रदेशको कुल भूभागको तुलनामा ४३.७८ प्रतिशत हुन आउँछ।

६.१८ प्रदेश नं. १ मा १३ सहित नेपालका जम्मा १ सय ६ स्थानीय तहमा वन क्षेत्र रहेको छैन। स्थानीय तहको तथ्याङ्क हेर्दा गाउँपालिकाको तुलनामा समग्रमा नगरपालिकाहरुमा वन क्षेत्र बढी रहेको छ।

तालिका ६.८ स्थानीय तहगत वन क्षेत्रको स्थिति (प्रतिशत)

| स्थानीय तह | प्रदेश नं. १ |
|---|---|
| गाउँपालिका | १८.१ |
| नगरपालिका | १८.४ |
| उप-महानगरपालिका | १४.३ |
| महानगरपालिका | ० |
| कुल जम्मा | १८.२ |

स्रोत: वन तथा वातावरण मन्त्रालय, २०७७।

## भूमिसुधार

६.१९ यस प्रदेशमा भूमिसुधार तथा मालपोत कार्यालय र मालपोत कार्यालय गरी २५ वटा कार्यालय रहेका छन्। तसमध्ये २२ वटा कार्यालयहरुले जग्गा प्रशासन सम्बन्धी कार्य अनलाइन प्रविधिबाट कार्यसम्पादन गरिरहेका छन्। बाँकी रहेका मालपोत कार्यालय चैनपुर, खिजिफलाटे र सन्क्रान्ति बजार सेवा सुचारु गर्ने क्रममा छन्।

# ७. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

## उद्योग

७.१ नेपालमा औद्योगिक विकासको सुरुवात विराटनगर जुट मिलको स्थापना सँगै भएको हो । यो प्रदेश नं. १ को राजधानीमा रहेको छ । नेपालमा उद्योगमा भएको जम्मा लगानीको २० प्रतिशत लगानी प्रदेश नं. १ मा रहेका उद्योगहरुमा भएको छ। जहाँ नेपालका कुल उद्योगहरुको ९.४ प्रतिशत उद्योगहरु छन् भने यी उद्योगहरुमा सृजित रोजगारीको अंश नेपालका सम्पूर्ण उद्योगहरुमा उपलब्ध रोजगारीको १३ प्रतिशत रहेको छ। यस प्रदेशमा रहेका सम्पूर्ण उद्योगहरु मध्ये दुई तिहाइ भन्दा बढी उद्योगहरु झापा, मोरङ र सुनसरी जिल्लामा मात्र रहेका छन्।


७.२ लघु, घरेलु र साना उद्योग भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ बमोजिमका उद्योगलाई जनाउँछ ।

तालिका ७.१ प्रदेशमा रहेका लघु, घरेलु र साना उद्योगको संख्या

| उद्योगको किसिम | आ.व. २०७६/७७ को अन्तसम्म | २०७७ फागुन मसान्तसम्म |
|---|---|---|
| लघु उद्योग | ९५७ | १४३३ |
| घरेलु उद्योग | १३५ | १८४ |
| साना उद्योग | ५४६८ | १०९२४ |

स्रोत: उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय

चार्ट ७.१ लघु, घरेलु र साना उद्योगको संख्या




७.३ आ.व. २०७६/७७ मा प्रदेश नं. १ मा ५ हजार ४६८ को संख्यामा रहेका साना उद्योग आ.व. ०७७/७८ को फागुन मसान्तसम्ममा १० हजार ९२४ को संख्यामा पुगेको देखिन्छ जुन गत वर्षको तुलना शत प्रतिशत बढी हो । त्यस्तै लघु र घरेलु उद्योगको संख्यामा वृद्धि भएको देखिन्छ। कोभिड-१९ का व्यवसाय सञ्चालनका लागि चुनौति थप भएको समयमा लघु, घरेलु तथा साना उद्योगको संख्यामा उल्लेखनीय वृद्धि भएको छ। प्रदेश नं. १ को धनकुटा जिल्लामा औद्योगिक ग्राम निर्माणाधीन अवस्थामा रहेको छ । प्रदेश नं. १ मा संघीय सरकार अन्तर्गतको सुनसरी-मोरङ औद्योगिक करिडोर तथा धरान औद्योगिक क्षेत्र, दमक औद्योगिक पार्क रहेको तर प्रदेश सरकार अन्तर्गत कुनै पनि औद्योगिक क्षेत्र स्थापना भएको छैन ।

## उद्योग सम्बन्धी थप जानकारी

३.४ प्रदेश नं. १ का घरेलु तथा साना उद्योग कार्यालयहरुबाट आ.व. २०७६/०७७ मा जम्मा २ हजार १४३ व्यवसाय दर्ता भएकोमा चालु आ.व. २०७७/०७८ को फागुन मसान्तसम्म जम्मा ४ हजार ७ सय ७८ व्यवसाय दर्ता भएका छन्।

३.५ २०७७ फागुनसम्मसा उद्योगमा भएको लगानीको आधारमा सबैभन्दा बढी बागमती प्रदेशमा रु. ८ खर्ब २२ अर्ब २६ करोड र त्यस पश्चात प्रदेश नं. १ मा रु. ५ खर्ब १७ अर्ब २४ करोड लगानी भएको छ।

३.६ २०७७ फागुनसम्ममा कुल ४ लाख ७५ हजार ६७७ लघु, घरेलु तथा साना उद्योग दर्ता भई २९ लाख ८ हजार ७२९ को रोजगारी सिर्जना भएको देखिन्छ । प्रति उद्योग प्रस्तावित रोजगारी करिब ६ जना रहने अनुमान छ। लघु, घरेलु तथा साना उद्योग प्रदेश नं १ मा क्रमशः १४ प्रतिशत दर्ता भएका छन्।

तालिका ३.२ लघु, घरेलु तथा साना उद्योगहरुको प्रदेशगत विवरण (शुरु देखि २०७७ फागुनसम्म)

| प्रदेश | उद्योगहरु दर्ताको संख्या (लघु, घरेलु तथा साना) उद्योग | प्रस्तावित रोजगारी (संख्या) |
|---|---|---|
| प्रदेश नं. १ | ६३२६० | ४०६९८९ |
| जम्मा | ४७५६७७ | २९०८७२९ |

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७७

३.७ २०७७ फागुनसम्म देशभर दर्ता भएका सम्पूर्ण कम्पनीहरुको संख्या २ लाख ५६ हजार ४९३ रहेको छ। प्रदेश नं. १ मा जम्मा १८ हजार ७२७ उद्योगहरु दर्ता भएका छन् जुन कुल दर्ता उद्योगको तुलनामा ७.३ प्रतिशत हो।

तालिका ३.३ प्रदेशगत रुपमा दर्ता भएका कम्पनीहरुको विवरण (आर्थिक वर्ष २०७७/७८ फागुनसम्म)

| प्रदेश | कम्पनी संख्या | अंश (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | १८७२७ | ७.३ |
| जम्मा | २५६४९३ | १०० |

स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय, २०७७

३.८ २०७७ फाल्गुन सम्म विदेशी लगानीमा स्थापना भएका उद्योगको संख्या १२८ छ जसमा साना उद्योग ६० वटा (४६.८७ प्रतिशत), मझौला उद्योग ४३ वटा (३३.५९ प्रतिशत) र ठूला उद्योग २५ वटा (१९.५४ प्रतिशत) रहेको छ ।

तालिका ३.४ प्रदेशमा विदेशी लगानी भएका उद्योगको संख्या

| साना उद्योग | मझौला उद्योग | ठूला उद्योग | जम्मा |
|---|---|---|---|
| ६० | ४३ | २५ | १२८ |

(स्रोत: Study Report on FDI_Nepal, २०२१, Pg. १५)

## वाणिज्य तथा आपूर्ति

३.९ नेपालको संविधान अनुसार वैदेशिक व्यापार संघीय सरकारको अधिकार क्षेत्रभित्र रहेको विषय हो। आ.व. २०७४ र आ.व. २०७५ मा भएको निर्यातमा सात वटा प्रदेशहरुको अवस्थालाई तलको तालिकाबाट थप पुष्टि पारिएको छ ।


तालिका ३.५ प्रदेशगत निर्यातको अवस्था

| प्रदेश | आ.व. २०७४ | | आ.व. २०७५ | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रदेश नं. १ | ३१३५०३४७ | ३८.४७ | ३८०११६६२ | ३९.१५ |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश नं. २ | १८९१५४३७ | २३.३६ | २६०५७३३३ | २६.८३ |
| बागमती | २३९६६२९९ | २९.४७ | २४९५५४३१ | २५.७ |
| गण्डकी | ० | ० | ० | ० |
| लुम्बिनी | ६२१६६८८ | ७.६४४ | ६२०५३९२ | ७.४९२ |
| कर्णाली | ० | ० | ० | ० |
| सुदूर पश्चिम | ७७६६१८ | ०.९५५ | ८६९०६५ | ०.८९५ |
| जम्मा | ८१३२५३७८ | १०० | ९७१०८८१३ | १०० |

स्रोत: व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७८/७९।

चार्ट ७.२ प्रदेशगत निर्यातको अवस्था




७.१० माथि उल्लेखित स्तम्भ चित्र अनुसार सबैभन्दा बढि प्रदेश नं. बाट भएको देखिएको छ। त्यस्तै आर्थिक वर्ष २०७४ को तुलनामा आर्थिक वर्ष २०७५ मा निर्यातको आकारमा पनि बृद्धि भएको देखिएको छ। प्रदेश नं. २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेशबाट पनि अघिल्लो वर्षको तुलनामा निर्यातमा बृद्धि भएको देखिएको छ।

तालिका ७.३ - प्रदेशगत आयातको अवस्था

| प्रदेश | आ.व.२०७४ | | आ.व.२०७५ | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रदेश नं. १ | १९२६७०८९२ | १५.४० | २१७७७२९७५ | १५.३५ |
| प्रदेश नं. २ | ५६४४२२८२० | ४५.३३ | ६५४८८१९८८ | ४६.१७ |
| बागमती | १७३७३९७०२ | १३.९५ | १९५७८२२७२ | १३.८ |
| गण्डकी | ० | ० | ० | ० |
| लुम्बिनी | २९६०२८०६५ | २३.७७ | ३२७३१९९७१ | २३.१२ |
| कर्णाली | ० | ० | ० | ० |
| सुदूर पश्चिम | १८३२८७३९ | १.४७२ | २२१२२२२४ | १.५५९ |
| जम्मा | १२४५११०२४८ | १०० | १४१८५५९४३० | १०० |

स्रोत: व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७८/७९।

चार्ट ५.३ माथि उल्लेखित प्रदेशगत आयातको तथ्याङ्कलाई तलको स्तम्भचित्रबाट थप स्पष्ट पारिएको छ।




५.११ माथि प्रस्तुत गरिएको स्तम्भ चित्र अनुसार प्रदेशगत रुपमा सबैभन्दा धेरै आयात प्रदेश नं. २ बाट भएको छ । त्यस्तै त्यस पश्चात क्रमशः लुम्बिनी प्रदेश, प्रदेश नं. १ र बागमती प्रदेशबाट धेरै आयात भएको छ। अघिल्लो आर्थिक वर्षको तुलना पछिल्लो आर्थिक वर्षमा आयात हुने दर पनि बढी छ। आन्तरिक उत्पादन वृद्धि गरी आयात न्यूनीकरण गर्नु आजको हाम्रो प्रमुख आवश्यकता हो।

५.१२ प्रदेश सरकार अन्तर्गतका निकायहरुले आ.व. २०७६/०७७ मा १९६ पटक बजार अनुगमन गरिएकोमा चालु आ.व. २०७७/०७८ को फागुन मसान्तसम्म कोरोना प्रभावका कारण ५७ पटक बजार अनुगमन सम्पन्न भएको छ।

## पर्यटन

५.१३ विश्वकै सर्वोच्च शिखर सगरमाथा हिमाल देखि लिएर विश्वकै सबैभन्दा गहिरो उपत्यका अरुण उपत्यका सम्म रहेको प्रदेश नं १ पर्यटकीय सम्भावनाका हिसाबले प्रचुर सम्भाव्यता भएको प्रदेश हो । ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमालहरु यसै प्रदेशमा रहेका छन्। ३२ प्रकारका लालीगुँरास पाइने तीनजुरे-मिल्के-जलजले क्षेत्र, दुर्लभ अर्नाको बासस्थान रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष, रेड पाण्डाको बासस्थान र चियाको राजधानी इलाम, वराहक्षेत्र, हलेसी र पाथीभरा लगायतका धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाले समेत यस प्रदेशलाई पर्यटनको प्रमुख गन्तव्यको रुपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ ।

५.१४ प्रदेश नं. १ को कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान २ प्रतिशत रहको छ। साथै पर्यटन क्षेत्रबाट यस प्रदेश ३२ हजार रोजगारी सिर्जना भएको छ।

५.१५ सन २०२० को तथ्याङ्क अनुसार कुल पर्यटक मध्ये ५७ प्रतिशत आन्तरिक पर्यटक र ४३ प्रतिशत बाह्य पर्यटकले प्रदेश नं. १ भ्रमण गरेका थिए।

तालिका ५.५ संघीय सरकारले प्रवर्द्धन गरेका प्रमुख १०० गन्तव्यमध्येका प्रदेश नं. का १६ गन्तव्यहरू

| जिल्ला | गन्तव्य |
|---|---|
| ताप्लेजुङ | टिम्बुङ पोखरी |
| पाँचथर | गुरु फाल्गुनन्द सर्किट (लिङ्खिम कुटी-गजुरमुखीधाम-लालीमा-फुलीनाम्बा) |
| इलाम | फिक्कल-कन्याम-श्रीअन्तु सर्किट |
| झापा | शहिद नेत्रलाल पार्क, गौरादह कृषि पर्यटन क्षेत्र, अर्जुनधारा पर्यटकीय क्षेत्र |
| संखुवासभा | पातेखोर ऐतिहासिक गुफा |

| | |
|---|---|
| भोजपुर | टेम्के डाँडा मुन्दुम ट्रेल |
| तेह्रथुम | तिनजुरे-मिल्के-जलजले |
| धनकुटा | हुलाके पटके डाँडा पर्यटक ट्रेल |
| सुनसरी | निगुर्बार धनकाली पदमार्ग |
| मोरङ | रतुवामाई पर्यटकीय क्षेत्र |
| सोलुखुम्बु | पाँचपोखरी |
| ओखलढुङ्गा | पोलेङ्गा डाँडा |
| खोटाङ | बराह पोखरी |
| उदयपुर | उदयपुरगढी |

(स्रोत: संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय)

७.१६ आ.व. २०७७/७८ को फाल्गुन मसान्त सम्ममा प्रदेश नं. १ मा एउटा पाँचतारे डिलक्स होटल सहित ९ वटा तारे स्तरका होटलहरु रहेका छन्। त्यस्तै पर्यटकीय स्तरको रुपमा दर्ता भई सञ्चालनमा रहेका होटल व्यवसायको जम्मा संख्या २८ रहेको छ।

७.१७ त्यस्तै यस प्रदेशमा दर्ता भएका ६६ वटा ट्राभल तथा ट्रेकिङ एजेन्सीले पर्यटकहरुलाई विभिन्न पर्यटकीय सुविधा उपलब्ध गराइरहेका छन्।

७.१८ यस प्रदेशका २८९ जना टुरगाइड, ५ हजार ५४० जना ट्रेकिङ गाइड र १५ जना पोर्टर गाइडले स्वदेश तथा विदेशबाट नेपालको भ्रमण गर्न आउने पर्यटकलाई पर्वतारोहण लगायतका विभिन्न प्रकारका पर्यटकीय सेवा प्रदान गरिरहेका छन्।

७.१९ प्रदेश नं. १ मा विभिन्न १७ वटा जलयात्रा व्यवसाय सञ्चालनमा रहेका छन्।

७.२० प्रदेश नं. १ मा विभिन्न स्थानमा गरी १४ वटा विमानस्थल रहेकामा ७ वटा विमानस्थल नियमित सञ्चालनमा रहेका छन्। संघीय सरकार, प्रदेश सरकार र विराटनगर महानगरपालिकाको संयुक्त साझेदारीमा विराटनगर विमानस्थललाई क्षेत्रीय स्तरको विमानस्थलको रुपमा विकास गर्नका लागि आवश्यक जग्गा प्राप्ति लगायतका कार्यहरु कार्यान्वयनमा क्रममा रहेका छन्।

# ८. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

८.१ प्रदेशको उच्च आर्थिक वृद्धि र तीव्र विकासका लागि भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ। गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापनले रोजगारी सिर्जना तथा गरिबी निवारणमा सहयोग पुर्‍याउँछ। प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन् । सार्वजनिक यातायात सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारको सोतमा प्रादेशिक सडकहरु तथा संघसँगको सहकार्यमा राष्ट्रिय राजमार्गको साथै सहरी सडकहरु विस्तारको कार्य तीव्र रुपमा भइरहेको छ।प्रदेश भित्र सञ्चालन हुने आन्तरिक विमानस्थलको सङ्ख्या १४ रहेकोमा ओखलढुंगाको खिजी चंडेश्वरी विमानस्थलको निर्माण सम्पन्न भै १५ पुगेको छ। सूचना प्रविधिको विकाससँगै टेलिफोन र इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या उल्लेख्य बढेको छ ।

८.२ राष्ट्रिय योजना आयोगले निर्धारण गरेका राष्ट्रिय गौरवका २१ वटा योजनाहरु मध्ये उत्तर दक्षिण कोशी कोरिडोर आयोजना यसै प्रदेशमा पर्दछ भने यस बाहेक मध्ये पहाडी राजमार्ग, पूर्व पश्चिम रेलवे, तराई हुलाकी मार्ग र राष्ट्रपति चुरे तराई मधेश संरक्षण क्षेत्रको केही अंश यस प्रदेशमा पर्दछ ।

## भौतिक पूर्वाधार र यातायात

## सडक यातायात

८.३ आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म प्रदेशभर स्थानीय सडक कालोपत्रे ७०३ किलोमिटर, खण्डास्मित २ हजार ५०२ किलोमिटर र कच्ची सडक ९ हजार १२६ किलोमिटर गरी कुल सडकको लम्बाई १२ हजार ३३१ किलोमिटर पुगेको थियो भने आर्थिक वर्ष २०७७/७८ को सोहि अवधि सम्ममा ७२८ किलोमिटर कालोपत्रे, २ हजार ५२२ किलोमिटर खण्डास्मित र ९ हजार ४९२ किलोमिटर कच्ची सडक गरी १२ हजार ७ सय ८२ किलोमिटर सडक पुगेको छ ।

८.४ आर्थिक वर्ष २०७४।७५मा प्रदेश सरकार गठन भए पश्चात आर्थिक वर्ष २०७७।७८ को फाल्गुन मसान्त सम्म २३ बटा मोटरेबल पुल र ४६ बटा झोलुंगे पुलको निर्माण कार्य सम्पन्न भै सकेको छ ।यो अवधिमा प्रदेश सरकारबाट १९६.२५ कि.मी. नयाँ ट्र्याक खोल्ने काम भएको छ भने १२१४.०७ कि.मी. ग्राभेल सडक तथा ५२५५.९ कि. मी. कच्ची सडक निर्माण हुनुका साथै २९६.७८ कि.मी. सडक कालोपत्रमा स्तरोन्नति भएको छ । प्रदेश सरकारबाट भएको सडक तथा पुल निर्माण अवस्था देहायको तालिकामा देखाईएको छ ।

तालिका नं ८.१ प्रदेश सरकारबाट भएका सडक तथा पुल निर्माणको अवस्था

| आ.व. | सडक निर्माण सम्पन्न लम्बाइ (कि.मी.) | | | | | | मोटरेबल पुल निर्माण सम्पन्न (संख्या) | झोलुंगे पुल निर्माण सम्पन्न (संख्या) | ट्र्याक ओपन |
|---|---|---|---|---|---|---|---|---|---|
| | सर्भे | ग्राभेल | कच्ची | (RCC/PCC) | [illegible] | कालोपत्रे | | | |
| २०७४/७५ सम्मको | | ७९८.२१ | १४३३.७९ | | | ११३.१८ | | | |
| २०७५/७६ | ६०१ | ११८.९ | १८१.३ | ०.५८५ | | २६.१८ | १० | ८ | ३.५ |
| २०७६/७७ | ३१.५८ | ३११.५२१ | ४७७.८२ | ३.१४ | ५.१७७ | ४१.२१ | १२ | २६ | ११२.३ |
| २०७७/७८ | | ४६.५९२ | ६०.७३ | ०.४२ | | १८.८२९ | १ | १० | ५६.२३ |

स्रोत: प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय

८.५ प्रदेश सरकार गठन हुँदाका बखत (आर्थिक वर्ष ०७४।०७५)मा (यस प्रदेशमा, संघ तथा स्थानीय स्तरमा निर्माण भएका सडकहरु जम्मा २३२५.५ कि.मी. रहेको थियो । यस मध्ये १०७६.९ कि. मी. कालोपत्रे, ४८५.६ कि.मी. ग्राभेल, र ७६३.१ कि.मी. कच्ची सडक रहेको थियो । देशको कुल सडक संजाल मध्ये १८ प्रतिशत प्रदेश नं. १ भित्र रहेको थियो । त्यस बखत प्रदेश नं. १ को भोजपुर बाहेक सबै जिल्लाहरुमा कालोपत्रे सडक पुगिसकेको थियो भने हाल भोजपुर जिल्लामा समेत कालोपत्रे सडक पुगिसकेको अवस्था छ ।

८.६ यस प्रदेशमा पर्ने मुख्य राजमार्गहरुमा पूर्वपश्चिम राजमार्ग, मेची राजमार्ग, कोशी राजमार्ग सगरमाथा राजमार्ग हुलाकी राजमार्ग मध्य पहाडी राजमार्ग गरी ६ वटा राजमार्गहरु रहेका छन जसको कुल लम्बाई १२०५.२१ कि.मी. रहेको छ ।यी राजमार्गहरुको कुल लम्बाई प्रदेश १ भित्र पर्ने अंश तथा प्रदेश १ भित्र आ.व २०७७/७८ को फाल्गुन सम्ममा भएको कालोपत्रेको अवस्था तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ८.२ प्रदेश भित्रका राजमार्गहरु

| राजमार्ग | पूर्व पश्चिम राजमार्ग | मेची राजमार्ग | कोशी राजमार्ग | सगरमाथा राजमार्ग | हुलाकी राजमार्ग | मध्य पहाडी राजमार्ग |
|---|---|---|---|---|---|---|
| जम्मा लम्बाइ | १०२७.३७ | ३११.०३ | १११.४६ | १५८.१७ | २४१.३ | १११६ |
| प्रदेश नं. १ मा | १३४.१३ | ३११.०३ | १११.४६ | १२७.८६ | ३८ | ४१४ |
| प्रदेश नं. १ को अंश | १३.१३ | १०० | १०० | ८२.३३ | १२.१५ | ३८.४४ |

स्रोत: प्रदेश योजना आयोग, २०७८।७७

## हवाई यातायात तथा यातायातका अन्य माध्यमहरु

८.७ प्रदेश भित्र १४ वटा विमानस्थलहरु रहेका छन जसमध्ये ११ वटा चालु र ३ वटा चालु नरहेका अवस्थामा छन । विराटनगर विमानस्थल र चन्द्रगढी विमास्थलहरु रात्रिकालिन अवतरण क्षमता भएका र मध्यम आकारका विमानहरु अवतरण गर्न सकिने छन भने अन्य विमानस्थलहरुमा साना विमानहरु मात्र अवतरण गर्न सक्छन् । यस प्रदेशको सोलुखुम्बु जिल्लामा ४ वटा तथा खोटाङ जिल्लामा २ वटा विमानस्थल रहेका छन ।

८.८ सडक र हवाई यातायातको अतिरिक्त यस प्रदेशमा जलयात्रा तथा रेल परिवहनको समेत सम्भावना देखिएको छ । हाल सुनसरीको चतरा देखि भोजपुरको सिम्लेसम्म जलयात्रा संचालनमा रहेको छ । यद्यपि हाल पाइलटिङको अवस्थामा रहेता पनि भविष्यमा कोशी नदिमा स्टिमर, मोटरबोट आदिको माध्यमबाट जलयात्रा गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

## उर्जा

८.९ उर्जा तथा जलस्रोतको हिसाबले प्रदेश नं १ धनी प्रदेश हो । यस प्रदेशमा ३४ हजार मेगावाट जलविद्युत उत्पादनको सम्भावना रहेको छ । (आ.व ०७७/७८ को फाल्गुन मसान्त सम्म यस प्रदेशमा ११ वटा विद्युत प्लान्ट बाट २८० मेघावाट जलविद्युत उत्पादन भैरहेको छ जुन देशको कुल विद्युत उत्पादनमा यस प्रदेशको योगदान २०.२४ प्रतिशत रहेको छ । तथापि यसले प्रदेशको उर्जाको माग धान्न भने सकेको छैन - १२९ मेगावाट विद्युत अझै अपुग रहेको छ ।

८.१० उर्जाका वैकल्पिक स्रोतहरुमा गोबर ग्यास, सौर्य उर्जा, साइको हाइड्रो, मट्टितेल, दाउरा आदि रहेका छन । खाना पकाउन सबै भन्दा बढि ६२.९९ प्रतिशत काठ / दाउराको प्रयोग हुने गरेको छ भने बिजुलीको प्रयोग ०.१५ प्रतिशत मात्र हुने गरेको छ । यसैगरी उज्यालोको लागि ६५.८२ प्रतिशत बिजुलीको प्रयोग हुन्छ भने ८.७५ प्रतिशत सौर्य उर्जाको प्रयोग भएको पाइन्छ

तालिका नं. ८.३ उर्जाका वैकल्पिक स्रोतहरु

| प्रयोजन | विवरण | बिजुली | काठ दाउरा | मट्टीतेल | एल. पि. ग्यास | गुइँठा | गोबर ग्यास | सौर्य उर्जा | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| खाना पकाउन | प्रदेश नं. १ | ०.१५ | ६२.९९ | ०.९ | १४.९२ | ११.८१ | ३.१ | - | ०.५२ |
| | नेपाल | ०.०८ | ६३.११ | ६.०६ | २१.०२ | १०.३८ | २.६२ | - | ०.३४ |
| उज्यालोको लागि | प्रदेश नं. १ | ६५.८२ | - | २१.७ | - | - | ०.४१ | ८.७५ | ०.५२ |
| | नेपाल | ६३.२३ | - | १८.२८ | - | - | ०.२८ | ७.४६ | ०.३५ |

स्रोत: प्रदेश योजना आयोग (प्रदेश नम्बर १)

८.११ वैकल्पिक उर्जाको प्रयोगको स्थितिको अध्ययन गर्दा यस प्रदेशमा २ लाख ७८ हजार ९५५ सुधारिएको चुल्हो प्रयोग भएको देखिन्छ जुन समग्र नेपालको १९.४ प्रतिशत हो ।त्यसैगरी यस प्रदेशमा ७४ हजार ३५९ गोबर ग्याँस प्लान्ट प्रयोग भएको देखिन्छ जुन समग्र नेपालको १७.२ प्रतिशत हो भने सुधारिएको पानीघट्टको संख्या १६१ छ जुन नेपालमा भएका पानीघट्टको १.५ प्रतिशत हो । साथै यस प्रदेशमा १ लाख २१ हजार २६६ सौर्य उर्जा एकाई छन् जुन नेपालभरी भएको संख्याको १२.७ प्रतिशत हो । यसैगरी साइको हाइड्रोको अवस्था यस प्रदेशमा नेपालको २१.६ प्रतिशत अर्थात ६ हजार ९१९ किलोवाट रहेको छ ।

## नदी नियन्त्रण, भूक्षय तथा सिंचाई पुर्वाधार

८.१२ प्रदेश नं १ मा कुल कृषियोग्य भूमी ७ लाख ८३ हजार ५९५ हेक्टर रहेकोमा आधार वर्ष २०७५/७६ मा ३ लाख २ हजार ४५८ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको थियो जसमध्ये २ लाख ५५ हजार १८० हेक्टरमा सतह सिंचाई तथा ४७ हजार २७८ हेक्टरमा भूमिगत जल सिंचाई रहेको थियो । आर्थिक वर्ष २०७७/७८ को माघ मसान्त सम्ममा कुल सिंचित क्षेत्र ३ लाख ४२ हजार ९६० हेक्टरमा पुगेको छ जस मध्ये ३ हजार ६२३ हेक्टरमा सतह सिंचाई तर्फको नयाँ सम्पन्न सिंचाई आयोजना रहेको छ । आ.व ०७७/७८ को पहिलो ६ महिनामा सतह सिंचाई १ हजार ७३ हेक्टर तथा भूमिगत जल सिंचाई ७७ हेक्टरमा बिस्तार भएको छ ।

८.१३ कृषि क्षेत्रको विकासको लागि कृषियोग्य भूमिको संरक्षण पनि त्यत्तिकै महत्वपूर्ण रहेको हुन्छ । प्रदेश सरकारले आ.व ०७७/७८ को माघ मसान्त सम्म २३ वटा स्थानहरुमा मझौला पहिरो रोकथाम गरेको छ भने विभिन्न स्थानहरुमा गरी २१२.०२ कि.मी. तटबन्ध गरेको छ ।

## सूचना तथा संचार

८.१४ प्रदेश नं १ मा सूचना सञ्चार र सूचना प्रविधिको तीव्र विकास भइरहेको छ । मोबाइल, इन्टरनेट सेवा, एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन मिडिया, सामाजिक सञ्जाल, हुलाक सेवालगायत निजी क्षेत्रका सञ्चार माध्यमहरुको पर्याप्त बिस्तार भएको छ।

८.१५ प्रदेश भरीमा विभिन्न तहका १८८ वटा हुलाक कार्यालयहरु रहेका छन । यी हुलाक कार्यालयहरुको आफ्नै पिन कोड (हुलाक संकेत नम्बर) रहेका छन । पिन नम्बर समेत रहेका हुलाकहरु मध्ये सबैभन्दा धेरै मोरङ (१८) र झापा (१८) जिल्ला रहेका छन भने सबैभन्दा कम सोलुखुम्बु (९ वटा) रहेका छन ।

८.१६ यस प्रदेशमा जम्मा ६० वटा एफ.एम. रेडियो स्टेसनहरु संचालनमा रहेका छन । यसका अतिरिक्त, सरकारी स्वामित्वमा रहेका राष्ट्रिय सम्वाद समिति, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्रका क्षेत्रीय तथा प्रादेशिक कार्यालयहरु यस प्रदेशमा संञ्चालित छन ।

८.१७ प्रेस काउन्सिल नेपालमा दर्ता भै यस प्रदेशमा संचालनमा रहेका ९६ वटा दैनिक पत्रिका, ४ वटा अर्ध साप्ताहिक, ३३६ वटा साप्ताहिकर ४५ वटा पाक्षिक गरी जम्मा ४८१ वटा पत्रपत्रिकाहरु रहेकाछन ।कोभिड १९ को कारणले गरिएको लकडाउन समेतको कारणले यी सबै पत्रपत्रिकाहरु नियमित रुपमा प्रकाशन हुन सकेका छैनन ।दर्ता भएका ४८१ प्रकाशनहरुमध्ये २१ वटा नियमित रुपमा प्रकाशन हुदै आएका, ८० वटा नियमित रुपमा प्रकाशित हुन नसकेका र ३८० वटा अझै प्रकाशन हुन सकेका छैनन् ।

८.१८प्रदेश नं. १ मा आर्थिक वर्ष २०७६-७७ सम्ममा ६ वटा केवल टि.भी. र १०० वाट देखी १००० वाटसम्मको रेडियो ६० वटा सञ्चालनमा रहेका छन् ।

तालिका नं. ८.४ प्रदेशमा सञ्चालित रेडियो र टि.भि.को विवरण

| विवरण | २०७६/७७ को अन्तिम विवरण |
| --- | --- |
| प्रदेश भित्र दर्ता र सञ्चालन भएका १०० वाट भन्दा माथि १००० वाट सम्मका रेडियोको संख्या | ६० |
| प्रदेश भित्र दर्ता र संचालन भएका केवल टि.भि.को संख्या | ६ |

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी

८.१९ प्रदेश सरकारले प्रदेश भित्र लगानी भित्र्याउन सार्वजनिक क्षेत्र निजी क्षेत्र तथा सहकारी क्षेत्रहरु सँग साझेदारी गर्ने नीति अवलम्बन गरेको छ ।प्रदेश तहमा पूर्वाधारको विकास, कृषि उद्यम सम्बन्धी आयोजना तथा कार्यक्रमहरु तथा रोजगारी सृजना र गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुमा निजी तथा सहकारी क्षेत्र सँग साझेदारी गर्न विभिन्न नीतिगत तथा संरचनागत व्यवस्था गरिएको छ ।

८.२० निजी लगानीमा सहजिकरण गर्न प्रदेश लगानी प्राधिकरण आ.व. ०७६/७७ मा स्थापना भै संचालनमा रहेको छ भने सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७७ तथा नियमावली २०७७ तर्जुमा भै लागू भै सकेको छ । लगानी प्राधिकरणले हाल निजी लगानीमा संचालन गर्नेगरी केही परियोजनाहरुको सम्भाव्यता अध्ययन गरिरहेको छ । कृषि उद्यम सम्बन्धी परियोजनाहरु निजी क्षेत्रकै अगुवाईमा संचालन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६ जारी गरी कार्यान्वयनमा ल्याईएको छ ।

# ९. सामाजिक क्षेत्र

९.१ मानव विकासका लागि सामाजिक क्षेत्रमा सेवा विस्तार र सर्व नागरिकको सेवामा पहुँच अत्यावश्यक हुन्छ । प्रदेश सरकार गठन भए देखि प्रदेश सरकारले शिक्षा स्वास्थ्य तथा खानेपानी र सरसफाइमा लगानी बढाउदै गएको छ । सामाजिक क्षेत्रमा सरकारी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सामाजिक क्षेत्रमा उल्लेख्य सुधार भएको छ ।

९.२ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमद्वारा प्रकाशित मानव विकास प्रतिवेदन, २०२० का अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ। मानव विकास सूचकाङ्कका आधारमा नेपाल संसारका १८९ मुलुकहरूमध्ये १४२ औं स्थानमा रहेको छ जुन मध्यम मानव विकास समूह को औसत ०.६३१ र सार्क मुलुकको औसत ०.६४१ भन्दा कम रहेको छ। सन् १९९० मा नेपालको मानव विकास सूचकाङ्क ०.३८७ रहेकोमा सन् २०१९ मा यस्तो सूचकाङ्क ०.६०२ पुगेको छ। सामाजिक क्षेत्रमा गरिएको लगानीको प्रतिफलस्वरूप नेपालको मानव विकासको अवस्थामा क्रमिक सुधार हुँदै गएको छ। तथापि, आगामी दिनमा यस क्षेत्रमा गरिने लगानीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

९.३ प्रदेश सरकारले विश्वविद्यालय र प्राविधिक शिक्षामा लगानी गरेको छ । स्वास्थ्य बीमाको दायरा विस्तार भएको छ । मातृ मृत्युदर शिशु मृत्युदरमा कम हुँदै गएको छ । सिप विकास कार्यक्रमको माध्यमबाट महिलाको जीवनस्तरमा सुधार हुँदै गएको छ ।

## शिक्षा

९.४ प्रदेश १ को साक्षरता दर ७८ प्रतिशत रहेको छ , जसमा ७९ प्रतिशत पुरुष र ६४ प्रतिशत महिला साक्षर रहेका छन् । यसै गरि नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार यस प्रदेशको साक्षरता दर ७९.१ पुगेको छ । हाल सम्म ताप्लेजुङ र सोलुखुम्बु बाहेक सबै जिल्ला पूर्ण साक्षर घोषणा भइ सकेको छ ।

९.५ प्रदेश नं. १ मा पूर्वाञ्चल विश्वविद्यालय र मनमोहन प्राविधिक विश्वविद्यालय गरी दुई विश्वविद्यालय संचालनमा रहेका छन् । यसै गरी गुरुकुल,गुम्बा तथा मदरसा लगायतका शैक्षिक संस्थाको संख्या १९३ रहेको छ ।

९.६ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म त्रिभुवन विश्वविद्यालय अन्तर्गत देशभरका जम्मा १ हजार १६१ आंगिक क्याम्पस मध्ये प्रदेश नं १ मा १६१ रहेका छन् भने र पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत देशभरका जम्मा १३१ क्याम्पस मध्ये प्रदेश नं १ मा ३२ वटा क्याम्पस रहेका छन् ।

तालिका नं. ९.१ प्रदेश भित्र संचालित विश्वविद्यालयहरु तथा आंगिक क्याम्पसको अवस्था

| विश्विद्यालयको नाम | क्याम्पस | | विद्यार्थी संख्या | |
|---|---|---|---|---|
| | प्रदेश नं.१ | नेपाल | प्रदेश नं. १ | नेपाल |
| त्रिभुवन विश्वविद्यालय | १६१ | १,१६१ | ३३,६०८ | २,८४,४४३ |
| नेपाल संस्कृत विश्वविद्यालय | १ | १८ | ६२ | १,४७१ |
| काठमाडौं विश्वविद्यालय | १ | २१ | ९,२३६ | १६,३४८ |
| पूर्वाञ्चल विश्वविद्यालय | ३२ | १३१ | ४,३९६ | २३,४३९ |
| बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | १ | १,४४८ | १,४४८ |
| | १९६ | १,४०३ | ४९,३५० | ३,२९,०७७ |

स्रोत: प्रदेश मामिला, प्रदेश योजना आयोग

९.७ २०६८ को एघारौं जनगणना अनुसार नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेकोमा प्रदेश नं. १ मा साक्षरता ७१.२ प्रतिशत रहेको थियो । यस्तै नेपालको महिला र पुरुष साक्षरता क्रमशः ५७.४ र ७५.१ प्रतिशत रहेकोमा प्रदेश नं. १ मा महिला साक्षरता ६३.९ र पुरुष साक्षरता ७९.३ प्रतिशत रहेको थियो ।

तालिका नं. ९.२ प्रदेश नं. १ मा साक्षरता दर (प्रतिशतमा)

| लिङ्ग | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| महिला | ६३.९ | ५७.४ |
| पुरुष | ७९.३ | ७५.१ |
| जम्मा | ७१.२ | ६५.९ |

स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

९.८ प्रदेश नं. १ मा रहेका जिल्लाहरुमा पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरताको स्थिति तुलना गर्दा सबैभन्दा बढी ईलाम जिल्लामा ७३.९१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ६४.२२ प्रतिशत छ ।

चार्ट नं. ९.१ प्रदेश नं. १ मा पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरताको स्थिति




स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

९.९ प्रदेश नं. १ मा रहेका जिल्लाहरुमा लेखपढ गर्न नसक्ने जनसंख्याको स्थिति तुलना गर्दा पुरुषको जनसंख्याका आधारमा सबैभन्दा बढी सोलुखुम्बुमा २३.२८ प्रतिशत र महिलाको जनसंख्याको आधारमा सबैभन्दा बढी ओखलढुङ्गामा ४१.२० प्रतिशत रहेको छ ।

९.१० प्रदेश नं. १ मा रहेका जिल्लाहरुमा लेखपढ गर्न नसक्ने जनसंख्याको स्थिति तुलना गर्दा पुरुष र महिला जनसंख्याका आधारमा सबैभन्दा कम ईलाम जिल्लामा क्रमशः १३.४ प्रतिशत २५.५ प्रतिशत रहेको छ ।

चार्ट नं. ९.२ प्रदेश नं. १ मा जिल्लागत लेखपढ गर्न नसक्ने जनसंख्याको विवरण (प्रतिशतमा)




स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

९.११ शैक्षिक वर्ष २०७३ मा नेपालमा कुल ३५ हजार ६७४ विद्यालय रहेका छन् जसमध्ये आधारभूत तह (१-५) सञ्चालित विद्यालय ३५ हजार ४४५, आधारभूत तह (६-८) सञ्चालित विद्यालय १६ हजार ८ सय ४७ र आधारभूत तह (१-८) सञ्चालित विद्यालय ३५ हजार ६४४ रहेका छन्। त्यसैगरी, माध्यमिक तह (९-१२) सञ्चालित ११ हजार १ सय ८ विद्यालय मध्ये ४ हजार १८७ विद्यालयमा कक्षा ११ र १२ सञ्चालन भएको छ।

तालिका ९.३ प्रदेश नं. १ का विभिन्न तहका विद्यालयको विवरण

| प्रदेश | जम्मा विद्यालय (इकाई) | कक्षागत तह अनुसार विद्यालय विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधारभूत (१-५) | आधारभूत (६-८) | आधारभूत (१-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | माध्यमिक (९-१२) |
| प्रदेश १ | ६९५८ | ६९६४ | ३३१४ | ३३५६ | २०५१ | ७४७ | २०६५ |
| जम्मा | ३५६७४ | ३५४४५ | १६८४७ | ३५६४४ | १०९६३ | ४१८७ | १११०८ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७३

९.१६ प्रदेश नं. १ मा नेपालमा रहेका जम्मा विद्यालयको तुलनामा १९.५ प्रतिशत विद्यालयहरु रहेका छन्।

तालिका ९.४ सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

| | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) |
| प्रदेश नं १ | ६९ | १०० | ११२ | १३६ | १९ | ४२ | ३८ | ८१ |
| नेपाल | ९१ | ११३ | ११५ | १३५ | २३ | ६३ | ४३ | ७५ |

शैक्षिक वर्ष २०७३

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र,२०७३

९.१३ शैक्षिक वर्ष २०७३ मा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (९—१०) र माध्यमिक तह (कक्षा ११-१२) मा क्रमशः ९१, ११३, ११५ र १३५ रहेको छ।त्यसैगरी प्रदेश नं. १ मा क्रमशः ६९, १००, ११२ र १३६ रहेको छ।

९.१४ शैक्षिक सत्र २०७३ मा आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (९—१०) र माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक विद्यार्थी अनुपात क्रमशः ५३.४३ र ७५ रहेकोमा प्रदेश नं १ मा यस्तो अनुपात क्रमशः ४२.३८ र ८१ रहेको छ ।

९.१५ शैक्षिक सत्र २०७३ मा देशभरमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत तर्फका समेत गरी शिक्षकको कुल संख्या १ लाख ५६ हजार १७६ रहेकोमा प्रदेश नं. १ मा ३० हजार ८५१ रहेका छन् । यो देशभरको संख्याको तुलनामा १९.८ प्रतिशत हुन आउँछ ।

तालिका ९.५ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण

| तह\ प्रदेश | | प्रदेश नं १ | जम्मा |
|---|---|---|---|
| आधारभूत कक्षा (१-५) | स्थायी | १५७२५ | ७५४९१ |
| | अस्थायी | ७४९ | ४७६५ |
| | राहत | ३४२९ | २१८७१ |
| आधारभूत कक्षा (६-८) | स्थायी | ३५६७ | १५६१५ |
| | अस्थायी | २४३ | १५७९ |
| | राहत | १३५७ | ९८०९ |

| | | | |
|---|---|---|---|
| माध्यमिक कक्षा (९-१०) | स्थायी | २५२८ | १२३०७ |
| | अस्थायी | ५१८ | २५६७ |
| | राहत | १२११ | ६३५८ |
| माध्यमिक कक्षा (११-१२) | स्थायी | ० | ० |
| | अस्थायी | २४५ | २००० |
| | राहत | ६२१ | ५८०४ |
| जम्मा | स्थायी | २१६२० | १०२३६५ |
| | अस्थायी | ७३२५ | ६०३३० |
| | राहत | ७५०६ | ५३०४२ |
| | जम्मा | ३७८५१ | १५६१७६ |

स्रोत : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७

(नोट: माध्यमिक तहको अस्थायी शिक्षक दरबन्दीमा प्राविधिक धार तर्फका प्रशिक्षकहरूको संख्या समेत गणना गरिएको छ। उल्लिखित संख्या नेपाल सरकारबाट तलब भत्ता उपलब्ध गराइएका शिक्षकहरूको मात्र हो।)

९.१६ शैक्षिक वर्ष २०७७ मा प्रदेश नं. १ को अवस्था हेर्दा आधारभूत तह (कक्षा १-५) को औसत भर्नादर ९७.७ प्रतिशत रहेको छ। आधारभूत तह (कक्षा ६-८) मा औसत खुद भर्नादर ९६ प्रतिशत रहेको छ। त्यसैगरी आधारभूत तह (कक्षा १-८), माध्यमिक(कक्षा ९-१०), माध्यमिक(कक्षा ११-१२) र माध्यमिक (कक्षा ९-१२) मा क्रमश: ९६.८, ७५.८, ३१.२ र ५३.५ प्रतिशत रहेको छ। समग्र नेपालको विभिन्न तहको विद्यार्थी भर्नादरसँग तुलना गर्दा प्रदेश नं. १ को अवस्था राम्रो देखिएको छ।

तालिका ९.६ प्रदेश नं. १ को विद्यार्थी खुद भर्नादर (शैक्षिक वर्ष २०७७)

| तह\प्रदेश | | प्रदेश नं १ | नेपाल |
|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | छात्रा | ९७.४ | ९६.९ |
| | छात्र | ९८.० | ९७.८ |
| | जम्मा | ९७.७ | ९७.४ |
| आधारभूत (कक्षा ६-८) | छात्रा | ९५.६ | ९१.२ |
| | छात्र | ९६.३ | ९१.५ |
| | जम्मा | ९६.० | ९१.१ |
| आधारभूत (कक्षा १-८) | छात्रा | ९६.५ | ९५.३ |
| | छात्र | ९७.१ | ९५.२ |
| | जम्मा | ९६.८ | ९५.७ |
| माध्यमिक (कक्षा ९-१०) | छात्रा | ७६.१ | ७१.१ |
| | छात्र | ७५.७ | ७०.५ |
| | जम्मा | ७५.८ | ७०.८ |
| माध्यमिक (कक्षा ११-१२) | छात्रा | ३२.४ | ३१.७ |
| | छात्र | ३०.० | ३१.३ |
| | जम्मा | ३१.२ | ३१.५ |
| माध्यमिक (कक्षा ९-१२) | छात्रा | ५४.६ | ५१.४ |
| | छात्र | ५२.३ | ५०.९ |
| | जम्मा | ५३.५ | ५१.२ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७

९.१७ शैक्षिक वर्ष २०७६ को माध्यमिक शिक्षा परीक्षा (SEE) कोभिड-१९ को कारण राष्ट्रिय परीक्षा बोर्डले तोकेको मितिमा सञ्चालन हुन नसकेको हुँदा शिक्षा ऐन बमोजिम आदेश जारी गरी उक्त परीक्षा

विद्यालयबाट नै सञ्चालन गर्ने व्यवस्था गरिएको थियो। परीक्षामा २ लाख ४३ हजार ७३३ छात्रा र २ लाख ३९ हजार २३१ छात्र गरी कुल ४ लाख ८२ हजार ९८२ जना विद्यार्थीहरू सहभागी भएका थिए। जसमा प्रदेश नं. १ बाट जम्मा ८४ हजार ५४ विद्यार्थी सहभागी भएकामा सो मध्ये ११ हजार ९८२ विद्यार्थीले ३.६० देखि ४.०० सम्मको ग्रेड प्राप्त गरी माध्यमिक शिक्षा परिक्षा उत्तीर्ण गरेका थिए जुन सोही समूहमा पास हुने कुल विद्यार्थीको अनुपातमा १५.३३ प्रतिशत हो।

तालिका १.७ माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण विवरण (शैक्षिक वर्ष २०७६)

| | प्रदेश १ | नेपाल |
|---|---|---|
| ग्रेड समूह | | |
| NA | २२५३ | १८१२६ |
| ०.८० देखि १.११ सम्म | ४ | १२ |
| १.२० देखि १.५१ सम्म | १५८ | ५३९ |
| १.६० देखि १.९१ सम्म | २७७४ | १७८२९ |
| २.०० देखि २.३१ सम्म | १५६३१ | ३१४०४ |
| २.४० देखि २.७१ सम्म | १९८८३ | ११५२६९ |
| २.८० देखि ३.११ सम्म | १५४८६ | ३५००३ |
| ३.२० देखि ३.५१ सम्म | १२७२६ | ७३१५० |
| ३.६० देखि ४.०० सम्म | ११९८२ | २८१६१ |
| जम्मा | ८४०५४ | ४८२९६३ |

स्रोत: परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०)

## स्वास्थ्य

१.१८ स्वास्थ्य सेवामा नागरिकको पहुँचका बढ्दै गएको छ । नवजात शिशु मृत्यु दर बाल मृत्यु दरमा कमी आएको छ । दक्ष प्रसुतिकर्मी तथा स्वास्थ्य संस्थामा गई प्रसुतिकर्मी तथा स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिलाहरुको सङ्ख्या बढेको छ ।

१.१९ आ.०७६।०७७ मा स्वास्थ्य बीमा कार्यक्रम १२ जिल्लामा संचालन गरिएको छ यसमा १२ लाख ४२ हजार ४२५ जनाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भएका थिए भने आ.व ०७७।०७८ मा १४ जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम संचालन भइ जम्मा १३ लाख ५५ हजार ०८४ जना ३० प्रतिशत जनसङ्ख्या सहभागी भएका छन् ।

तालिका १.८ स्वास्थ्य बीमा सम्बन्धी विवरण

| आ.व | कार्यक्रम विस्तार जिल्ला | बिमा कार्यक्रममा सहभागी | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| ०७६।०७७ | १२ | ६४१२६१ | ६०११६४ | १२४२४२५ |
| ०७७।०७८ | १४ | ७११२४६ | ६४३८३८ | १३५५०८४ |

स्रोत: सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १

## बालबालिका

१.२० नेपालको जम्मा जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ मध्ये १ करोड १७ लाख ६७ हजार ९३५ बालबालिकाको जनसंख्या रहेको छ । यस प्रदेश नं.१ मा कुल जनसंख्या ४५ लाख ३४ हजार ९४३ जम्मा जनसंख्या मध्ये २० लाख १४ हजार ४२३ बालबालिकाहरुको जनसंख्या रहेको छ । यो

जम्मा जनसंख्याको ४४.४२ प्रतिशत रहेको छ । राष्ट्रिय तथ्याङ्क विभागको प्रदेश नं.१ का १४ जिल्लामा रहेका ९३ जना सडक बालबालिकाहरु मध्ये हाल सम्म ८५ जना बालबालिकाहरुको उद्धार गरिएको छ । त्यसैगरी प्रदेश नं.१ मा ५ वटा स्थानहरु (ईलाम, संखुवासभा, मोरङ, सुनसरी र उदयपुर) बाट चाइल्डहेल्पलाईन नं.१०९८ सेवा सञ्चालन भईरहेको छ ।

तालिका ९.९ औसत आयु

| औसत आयु (वर्ष) | पुरुष (वर्ष) | महिला (वर्ष) | १६ महिना मुनिका बालबालिका पूर्ण खोप पाएका (प्रतिशत) | संस्थागत प्रसूति सेवा दर (प्रतिशत) | दक्ष स्वास्थ्य कर्मीबाट प्रसूति सेवा (प्रतिशत) | पुड्कोपना भएका बालबालिका (प्रतिशत) | कम तौल भएका बालबालिका (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| ७०.७ | ६९.५ | ७२.३ | ७९.४ | ६२ | ४५.६ | ३२.६ | २५.७ |

स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

तालिका ९.१० बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा)

| क्र.सं. | नवजात शिशु | शिशु | पाँच वर्ष मुनिका |
|---|---|---|---|
| ०१ | २२ | ३१ | ३६ |

स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

९.२१ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाबाट लाभान्वित कुल जनसंख्या मध्ये भर्नामा ४.१९, बहिरङ्गमा ९०.३५ प्रतिशत र आकस्मिकमा ५.४६ प्रतिशत बिरामीलाई सेवा प्रदान भएको छ । आर्थिक वर्ष २०७६/७७ मा यस्तो सेवा क्रमशः ५.१२ प्रतिशत, ८८.२२ र ६.६७ प्रतिशत रहेको थियो

तालिका ९.११ प्रदेश नं १ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसङ्ख्या

| | २०७५/७६ | | | | २०७६/७७ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | बहिरङ्ग | आकस्मिक | जम्मा | भर्ना | बहिरङ्ग | आकस्मिक | जम्मा |
| प्रदेश नं १ | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| नेपाल | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | | [illegible] | [illegible] |

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७७ , फागुन मसान्तसम्मको

चार्ट ९.३ प्रदेश नं १ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसङ्ख्या (प्रतिशतमा)




स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७७ , फागुन मसान्तसम्मको

## स्वास्थ्य संस्थाको स्थिति:

१.२२ प्रदेशमा सञ्चालित स्वास्थ्य संस्थाहरु मध्ये धरान स्थित वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल, नोबेल मेडिकल कलेज, बिराट मेडिकल कलेज तथा बिर्तामोड स्थित बि. एण्ड सि. मेडिकल कलेज यस प्रदेशमा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख संस्थाहरु हुन् । खासगरी वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल र नोबेल मेडिकल कलेजमा विभिन्न स्वास्थ्य क्षेत्रका विशेष उपचार सेवाहरु उपलब्ध छन् ।

## स्वास्थ्य संस्थाको विवरण

१.२३ आर्थिक वर्ष ०७६/७७ सम्ममा देशभरमा ६९३४ मध्ये प्रदेश नं १ मा रहेका कुल १५५२ स्वास्थ्य संस्थानहरुमा सर्वभन्दा धेरै हेल्थपोष्ट ६४८ र सबैभन्दा कम अस्पताल १८ वटा रहेका छन् ।

तालिका १.११ स्वास्थ्य संस्थाको विवरण

| | स्वास्थ्य संस्थाहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | हेल्थ पोष्ट | शहरी स्वास्थ्य केन्द्र | सामुदायिक स्वास्थ्य एकाई | निजी स्वास्थ्य संस्था | जम्मा |
| प्रदेश नं १ | १८ | ४० | ६४८ | ५२ | ४६ | ९३३ | १५५२ |
| नेपाल | १२५ | १९८ | ३८०८ | ३५४ | २९९ | २०५१ | ६९३४ |

स्रोत: प्रदेश नीति तथा योजना आयोग

## महिला बालबालिका तथा जेष्ठ नागरिक

१.२४ यस प्रदेशमा लैङ्गिक तथा घरेलु हिंसा पिडित महिला र किशोरीका का लागी दीर्घकालिन पुनर्स्थापना गृह सञ्चालनमा रहेको छ । सबै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने प्रकृया अगाडी बढेको छ । यस प्रदेशको लैंगिक विकास सूचकाङ्क ०.९५ छ भने लैंगिक सशक्तिकरण सूचाङ्क ०.५७२ र लैंगिक असमानता सूचाङ्क ०.३८ रहेको छ ।

१.२५ बेसाहारा लैङ्गिक तथा घरेलु हिंसा पिडित महिला तथा बालिकाहरु आत्मनिर्भर बनाउनको लागि विभिन्न प्रकारका सिपमूलक तालिम संचालन गरिएको छ ।

१.२६ प्रदेश सरकारको आफ्नो लगानीमा १० बिघा १४ कठ्ठा जग्गामा जेष्ठ नागरिक ग्राम निर्माणका लागी डिपिआर सकिएको छ ।

## अपांगता सम्बन्धी अवस्था

१.२७ अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक एवं स्वावलम्बि जिवनयापनको अवसर सिर्जना गर्नु लोककल्याणकारी राज्यको मान्यता हुन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी २००६ र नेपालको संविधानले अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जिवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ ।

१.२८ प्रदेश सरकारको अर्थ सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा अपाङ्गता भएका व्यक्तिलाई घरजग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने सवारी साधन खरिदमा कर नलाग्ने व्यवस्था गरेको छ । नेपालको कुल जनसङ्ख्याको १९ प्रतिशत जनसंख्यामा कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ भने प्रदेशको हकमा २ दशमलव १ प्रतिशत

देखिन्छ। यो प्रदेशमा पुरुषको तुलनामा अपाङ्गता भएका महिलाको संख्या बढी छ ।

आर्थिक वर्ष २०७७।०७८ मा प्रदेश सरकार , स्थानीय तह र करुणा फाउन्डेसनको सहकार्यमा अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम ७९ वटा स्थानीय तहमा संचालन गरिएको छ।

तालिका १.१३ लैंगिक आधारमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्था (प्रतिशत)

| लिङ्ग | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| महिला | १.८ | १.७ |
| पुरुष | २.४ | २.२ |
| जम्मा | २.१ | १.९ |

स्रोतः सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १

१.२९ जिल्लागत रुपमा हेर्दा सम्बन्धित जिल्लाको जनसङ्ख्याको अनुपातमा अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या सबभन्दा बढी धनकुटा जिल्लामा छ । धनकुटा जिल्लाको जनसंख्याको ३ प्रतिशत व्यक्तिहरुमा कुनै न कुनै प्रकारको अपांगता रहेको पाइन्छ भने सुनसरी जिल्लामा सबभन्दा कम १.४ प्रतिशत अपाङ्गता भएका व्यक्ति देखिएको छ । अझ भौगोलिक रुपमा हेर्दा हिमाली र पहाडी जिल्लाहरुमा भन्दा तराइका जिल्लाहरुमा अपाङ्गता हुनेहरुको संख्या तुलनात्मक रुपले कम छ ।

## खानेपानी तथा सरसफाइ

१.३० आर्थिक वर्ष २०७७-७८ सम्म प्रदेशमा ८८ प्रतिशत जनसंख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ भने प्रदेशको ५० प्रतिशत जनसंख्यामा धारा पाइपलाइन जडित खानेपानी सुविधा पुगेको छ । प्रदेशको १७ प्रतिशत जनसंख्यमा प्रशोधन सहितको सुरक्षित खानेपानीको सुविधा पुगेको छ । सरसफाईको हकमा ८६ प्रतिशत जनसंख्यामा आधारभूत सरसफाइ सुविधा पुगेको छ भने ६५ प्रतिशत घरपरिवारमा शौचालयको पहुँच रहेको देखिन्छ । प्रदेशका १४ वटै जिल्ला खुला दिसामुक्त घोषणा भई स्थानीय स्तरमा पूर्ण सरसफाइ कार्यक्रम कार्यान्वयन गरिएको छ ।

तालिका १.१४ खानेपानी तथा सरसफाईको अवस्था

| क्र.सं | सूचक | एकाई | २०७६/७७ सम्मको उपलब्धी | २०७७/७८ को संशोधित उपलब्धी |
|---|---|---|---|---|
| १ | आधारभूतखानेपानी पुगेको जनसंख्या | प्रतिशत | ८८ | ८९ |
| २ | पाइपलाइनबाट खानेपानी पुगेको जनसंख्या | प्रतिशत | ५० | ५२ |
| ३ | सुरक्षितखानेपानी पुगेको जनसंख्या | प्रतिशत | १७ | १८ |
| ४ | आधारभूतसरसफाई सेवा पुगेको जनसंख्या | प्रतिशत | ८५ | ८९ |
| ५ | शौचालयसँग उपलब्ध भएका परिवार | प्रतिशत | ६५ | ६९ |

स्रोतः प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय

# १०. सार्वजनिक सेवा र सुशासन

## सार्वजनिक सेवा

१०.१ सार्वजनिक सेवाको प्रभावकारिता बढ्दै गएको छ । सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोगले सेवालाई गुणास्तरीय, मितव्ययी, छिटो र छरितो बनाएको छ । सेवाको प्रभावकारिताले नै नागरिकको सरकार प्रतिको दृष्टिकोण प्रतिबिम्बित हुने हुँदा सार्वजनिक सेवा अझ बढी गुणस्तरीय र पारदर्शी बनाउन थप दबाब सिर्जना गरेको छ ।

१०.२ प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्र रही विभिन्न प्रकारका सार्वजनिक सेवाहरु मन्त्रालय र जिल्लास्तरका कार्यालयहरुबाट प्रवाह गरिरहेको छ । भौतिक पूर्वाधार विकास अन्तरगत जलस्रोत तथा सिंचाई विकास डिभिजन, पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय लगायतका कार्यालयहरुले जिल्लास्तरबाट आम सर्वसाधारणलाई सेवा प्रदान गरिआएका छन् । त्यसैगरी वन कार्यालयहरु, घरेलु तथा साना उद्योग कार्यालयहरु, कृषि तथा पशु सेवासँग सम्बन्धित कार्यालयहरु, यातायात व्यवस्थासँग सम्बन्धित कार्यालयहरु लगायतले प्रदेश भित्र सेवा प्रवाह गरिरहेका रहेका छन्।

## प्रदेश निजामती सेवा

१०.३ कर्मचारी समायोजन, पदस्थापना तथा तत्पश्चातका सरुवा सम्बन्धी विवरण राष्ट्रिय किताबखानामा अद्यावधिक गर्ने कार्य प्रकृयामा नै रहेको कारण प्रदेश तथा स्थानीय तहमा पूर्ति भएको र रिक्त रहेको दरबन्दीको अद्यावधिक विवरण प्राप्त हुन सकेको छैन । साथै प्रदेशमा रहेका आफू अन्तर्गतका कर्मचारीहरुको एकीकृत विवरण राख्ने प्रदेशस्तरीय किताबखानाको व्यवस्था नहुँदा एकीकृत विवरण प्राप्त हुन अप्ठ्यारो परेको छ ।

१०.४ प्रदेश लोकसेवा आयोगको गठन भएको छ र चालु आ.व. बाट पदपूर्तिका लागि विज्ञापन समेत आह्वान गरी काम कारबाही शुरु गरेको छ ।

## सुशासन

१०.५ संविधानको धारा ५१ को (ख) राजनीति तथा शासन सम्बन्धी नीतिको दफा (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ । राज्य संयन्त्रलाई जनमुखी बनाई नागरिकको अपेक्षाहरु प्रभावकारी, छिटो, छरितो माध्यमबाट पूरा गर्न प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहन्छ ।

१०.६ सहभागितामूलक, कानुनी शासन, प्रभावकारी र सक्षमता, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, समतामुखी र समावेशी जस्ता अंशलाई सुशासनको अवयवको रुपमा नेपालले आत्मसात् गरेको छ । प्रदेश सरकारले उक्त उद्देश्य प्राप्तिका लागि सार्वजनिक प्रशासनलाई सुशासन मैत्री बनाउनका लागि प्रशासन जनमुखी हुनुपर्ने, प्रशासन सेवामुखी हुनुपर्ने, प्रशासन पारदर्शी हुनुपर्ने, प्रशासन सदाचारमा आधारित हुनुपर्ने, प्रशासन उत्कृष्ट सेवा प्रवाह गर्ने प्रणालीमा आधारित हुनुपर्ने, स्मार्ट सेवा प्रवाह गर्ने जस्ता कुरालाई अंगीकार गरेको छ । राज्यका सबै कार्यक्रममा जनताको पहुँच पुर्‍याउने माध्यम र प्रक्रिया सुशासन मार्फत प्रकट हुन्छ ।

१०.७ प्रदेश नं. १ का ११ जिल्लाका विभिन्न स्थानीय तहमा मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्र स्थापना गरी संचालन गरिएको छ ।

## प्रदेशमा सुशासन सम्बद्ध अवस्था

१०.८ प्रदेश सरकार स्थापना भएपश्चात आ.व. २०७६/७७ सम्ममा १३ वटा ऐन र १९ वटा नियमावली तर्जुमा गरेकोमा चालु आ.व. को फाल्गुन मसान्त सम्ममा थप ८ वटा ऐन र ४ वटा नियमावली तर्जुमा गरेको छ ।

## मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था

१०.९ संयुक्त राष्ट्रसंघमा सम्परीक्षणका लागि पेश गर्नुपर्ने ९ वटा महासन्धि मध्ये ७ महासन्धिको नेपाल पक्ष राष्ट्र भइसकेको छ । मानव अधिकारलाई संविधानको प्रस्तावनामा नै समावेश गरी राज्यको सम्पूर्ण अवयवको अविच्छिन्न अंगको रुपमा उल्लेख गरिएको छ, जसमा मानव अधिकारलाई सुनिश्चितता दिनका लागि संविधानको भाग २५ मा मानव अधिकार आयोगको समेत व्यवस्था गरिएको छ । सबै कुप्रथाहरुलाई फौजदारी अपराधको कोटीमा राख्ने कानुन र अपराध संहिता जारी भएको छ । मौलिक हक तथा मानवअधिकारको संरक्षण र सम्वर्द्धन राज्यको दायित्व हुने व्यवस्था सहित राज्यले मानव अधिकारको संरक्षण र सम्वर्धन गर्दै विधिको शासन कायम राख्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वियन गर्ने, न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ मितव्ययी, निष्पक्ष प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

१०.१० प्रदेश सरकारले मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थाको स्थितिमा उल्लेखनीय प्रगति हासिल गर्नका लागि आवधिक योजना मार्फत विभिन्न नीति तथा कार्यक्रमहरु तय गरेको छ । प्रदेशको अधिकार अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा संविधानको अनुसूचीमा व्यवस्थित गरिए अनुसार कार्य विस्तृतीकरण का अनुसार आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेश भित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानुन कार्यान्वियनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन प्रदेशको कार्यक्षेत्रभित्र पर्दछ । दिगो विकासको १६ औं लक्ष्य मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेकोले सो लक्ष्यलाई प्रादेशिक रुपमा कार्यान्वियन गर्न सम्पूर्ण संयन्त्र आन्तरिकीकिरण गर्दै लगिएको छ । प्रदेशको कार्यक्षेत्र भित्र प्रदेश स्तरीय सुरक्षा संयन्त्र स्थापना र हस्तान्तरण हुन बाँकी रहेको अवस्था छ ।

# ११. कोरोना रोकथाम, नियन्त्रण, उपचार, राहत तथा प्रकोप व्यवस्थापन

११.१ कोभिड-१९ को विश्वव्यापी महामारीबाट आ.व. ०७६/७७ को चैत्र महिना देखी नै नेपालमा प्रतिकूल प्रभाव विस्तार हुँदै गयो ।

११.२ मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय संरचना, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरीय संरचना र स्थानीयतहका प्रमुखको संयोजकत्वमा पालिकास्तरीय संरचना गठन भई कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्य भइरहेको छ। प्रदेशमा कोरोना संक्रमितको अवस्था पहिचान गरी आवश्यक राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिएको छ।

११.३ प्रदेशले कोशी अस्पतालमा कोभिड-१९ उपचार केन्द्र (१०० बेड क्षमता) को स्थापना गरी सञ्चालनमा ल्याएको छ। क्वारेन्टाइन, होल्डिङ सेन्टर, आइसियु, भेन्टिलेटरसहितका उपचारकेन्द्रहरूको व्यवस्था गरिएको छ।त्यसैगरी कोभिड-१९ को कारणले सिर्जित महामारीबाट जनतालाई सुरक्षित गर्ने क्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय तहसँग समन्वय, सहकार्य एवम् परिचालन गरी ६ हजार ६५० बेडसहितको ३१० क्वारेन्टाइन र ७ होल्डिङ सेन्टर स्थापना गरिएको छ।

११.४ प्रदेशमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि मोरङ जिल्लामा सबभन्दा बढी ६ वटा स्वास्थ्य ल्याबहरू संचालित छन् भने त्यस भन्दा बाहेक सुनसरी, धनकुटा, झापा लगायतका जिल्लाहरूमा समेत पि.सि.आर. स्वास्थ्य ल्याबहरू संचालनमा रहेका छन् । यस बाहेक प्रदेशमा संक्रमितको चापलाई ध्यानमा राखी नेशनल पब्लिक हेल्थ ल्याबोरेटरी, काठमाण्डौमा समेत संक्रमितको नमुना संकलन गरी पठाएर पि.सि.आर. टेष्टको रिपोर्ट उपलब्ध गराउने गरिएको छ ।

तालिका ११.१ कोरोना रोकथाम तथा नियन्त्रणका लागि संचालित स्वास्थ्य ल्याबहरू

| स्वास्थ्य संस्थाको नाम | ठेगाना |
| --- | --- |
| नि स्कूल अफ ल्याब | मोरङ |
| बिराट मेडिकल कलेज | मोरङ |
| बि पि के एम आई एच | सुनसरी |
| धनकुटा हस्पिटल | धनकुटा |
| कोशी हस्पिटल | मोरङ |
| कोटिहोम ल्याबोरेटरी | झापा |
| न्याक्स हस्पिटल | मोरङ |
| मेची हस्पिटल | झापा |
| न्युरो कार्डियो हस्पिटल | मोरङ |
| नोबल मेडिकल कलेज | मोरङ |
| एन पि एच एल | काठमाण्डौं |
| पि पि एन एस | प्रदेश नं. १ |

स्रोत: सामाजिक विकास मन्त्रालय, आधिकारिक पोर्टल

११.५ प्रदेश नं १ मा आर्थिक वर्ष २०७६/७७ मा ६४७ जना पुरुष र १२९ जना महिला गरी कुल ७७६ जना कोभिड-१९ बाट संक्रमित भएका थिए। कोभिड-१९ बाट संक्रमितको संख्या चालु आर्थिक वर्षको

ज्येष्ठ २० गते सम्ममा ३५ हजार ९२४ जना पुरुष र २३ हजार ३८० जना महिला गरी जम्मा ५९ हजार ३०४ जना संक्रमित भएका छन् जुन गत वर्षको तुलनामा ५८ हजार ५२८ जनाले बढी हो।

११.६ कोभिड-१९ बाट संक्रमितको जिल्लागत अवस्थाको विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा बढी संक्रमित झापा जिल्लामा ३०३ जना भएका थिए भने सबैभन्दा कम संक्रमित सोलुखुम्बु जिल्लामा २ जना मात्रै संक्रमित भएका थिए। त्यस्तै झापा पश्चात सबैभन्दा बढी संक्रमित क्रमशः मोरङ र सुनसरीमा भएका थिए।

११.७ कोभिड-१९ बाट संक्रमितको जिल्लागत अवस्थाको विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी संक्रमित मोरङ जिल्लामा २५ हजार २९८ जना संक्रमित भएका छन् भने सबैभन्दा कम संक्रमित भोजपुर जिल्लामा २६४ जना मात्र संक्रमित भएका देखिन्छन्। चालु आ.व. मा प्रदेशमा संक्रमितको जम्मा संख्याको तुलनामा मोरङ, झापा र सुनसरीमा संक्रमित हुने संख्या ८६.४३ प्रतिशत रहेको छ।

तालिका ११.२ कोभिड-१९ को जिल्लागत विवरण

| | २०७६-७७ | | | २०७७-७८* | | |
|---|---|---|---|---|---|---|
| जिल्ला | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| भोजपुर | ६ | ० | ६ | २३५ | २९ | २६४ |
| धनकुटा | १० | २ | १२ | ६७२ | ४६१ | ११३३ |
| इलाम | १६ | ४ | २० | ५५१ | ३१८ | ८६९ |
| झापा | २५१ | ५२ | ३०३ | ६८७० | ४६१० | ११४८० |
| खोटाङ | १० | ४ | १४ | ४२८ | २३० | ६५८ |
| मोरङ | १६५ | ३० | १९५ | १५७०१ | ९५९७ | २५२९८ |
| ओखलढुंगा | ६ | ० | ६ | ६८८ | ३५४ | १०४२ |
| पाँचथर | ५ | २ | ७ | २३८ | १३१ | ३६९ |
| संखुवासभा | ६ | ० | ६ | ६७८ | २८३ | ९६१ |
| सोलुखुम्बु | १ | १ | २ | २८५ | १३४ | ४१९ |
| सुनसरी | ८८ | १९ | १०७ | ८७३७ | ५७३७ | १४४७४ |
| ताप्लेजुङ | ११ | १ | १२ | ४३३ | २६७ | ७०० |
| तेह्रथुम | ४ | १ | ५ | ३४८ | १४८ | ४९६ |
| उदयपुर | ६० | २१ | ८१ | ६८१ | ४१९ | ११०० |
| जम्मा | ६५४ | १२२ | ७७६ | ३५९२४ | २३३८० | ५९३०४ |

(*२०७८-०२-२० ५.०० बजेसम्मको) स्रोत: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

११.८ प्रस्तुत गरिएको तालिका तथा स्तम्भचित्र अनुसार सबै जिल्लामा गत आर्थिक वर्षको तुलनामा कोभिड-१९ संक्रमितको संख्यामा ठूलो संख्या वृद्धि भएको देखिएको छ।


११.९ तराइका घना बस्ती भएका जिल्लाहरु मोरङ, सुनसरी र झापामा कोभिड-१९ का संक्रमितहरुको संख्या प्रदेशमा संक्रमित भएको संख्याको तुलनामा ८६.४३ प्रतिशत रहेको छ।

चार्ट: ११.१ कोभिड-१९ को जिल्लागत विवरण




११.१० प्रदेशगत रुपमा कोभिड-१९ बाट २०७८ जेठ २९ गते सम्म संक्रमित हुनेको संख्या ६ लाख ४ हजार ३९६ विश्लेषण गर्दा नेपालमा कुल संक्रमितको तुलनामा सबैभन्दा बढी ५२.२५ प्रतिशत संक्रमित बागमती प्रदेशमा भएको देखिन्छ भने सबैभन्दा न्यून ३ प्रतिशत संक्रमित कर्णाली प्रदेशमा भएको देखिएको छ। त्यस्तै प्रदेश नं. १ नेपालमा कुल संक्रमितको तुलनामा १०.२३ प्रतिशत कोभिड-१९ बाट संक्रमित भएको देखिएको छ।

चार्ट: ११.२ प्रदेशगत रुपमा कोभिड-१९ बाट संक्रमित हुनेको विवरण




११.११ प्रदेश नं. १ मा भएका कोभिड-१९ संक्रमितहरुलाई उमेर समूहगत रुपमा अध्ययन तथा विश्लेषण गर्दा सबैभन्दा बढी २१ देखि ३० वर्ष उमेर समूहका नागरिक बढी संक्रमित भएको देखिन्छ जबकी पुरै देशमा सबैभन्दा बढी संक्रमित ३१ देखि ४० वर्ष उमेर समूहका भएका छन। त्यस्तै १० वर्षमुनी बालबालिका तथा ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरु पनि तुलनात्मक रुपमा न्यून संक्रमित भएको देखिएको छ।

११.१२ प्रदेश नं. १ मा मुख्य गरी २१ वर्ष देखि ५० वर्ष उमेर समूहका नागरिकहरु कोभिड-१९ बाट बढी संक्रमित भएको देखिएको छ। कुल संक्रमितको तुलनामा ६६.२ प्रतिशत नागरिक २१ देखि ५० वर्ष उमेर समूहका संक्रमित भएका छन।

## प्रदेशमा कोरोना संक्रमितहरुको विवरण

११.१३ प्रदेशभर २०७८ साल जेठ २० गते सम्म जम्मा ६० हजार २२४ कोरोना संक्रमित मध्ये २३ हजार ६८२ जना महिला र ३६ हजार ५४२ जना पुरुष तथा जम्मा मृत्य भएका ९३३ जना मध्ये २७७ जना महिला तथा ६५६ जना पुरुष रहेका छन् ।


तालिका ११.३ प्रदेशमा कोरोना संक्रमितहरुको विवरण

(२०७८ साल जेठ २० गते सम्म)

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्रदेशभर हालसम्म संक्रमण पुष्टि भएका | २३६८२ | ३६५४२ | ६०२२४ |
| हाल आइसोलेसनमा रहेका | ८३७९ | ११५०१ | १९८८० |
| निको भई डिस्चार्ज भएका | १५०२६ | २४३८५ | ३९४११ |
| हालसम्म मृत्यु भएका | २७७ | ६५६ | ९३३ |

स्रोत: http://moead.p1.gov.np/

चार्ट ११.३ प्रदेशमा कोरोना संक्रमितहरुको विवरण




## कोरोना जनसुरक्षा कोषको आय/व्यय विवरण

११.१४ कोरोना जनसुरक्षा कोषको २०७७ चैत्र ३० गते सम्म प्रदेश सरकार, स्थानीय सडक सहयोग ईकाई (संघीय सरकार), सिद्धार्थ बैंक, नेपाल पब्लिक क्याम्पस संघ लगायतबाट प्राप्त भएको जम्मा रु. २८ करोड १७ लाख ३० हजार ९२.१४ रहेको छ ।

तालिका ११.४ कोरोना जनसुरक्षा कोषको विवरण

मिति २०७७ चैत्र ३० गते सम्म

| आम्दानी विवरण/सहयोगीको नाम | आम्दानी रु. |
|---|---|
| गत आर्थिक वर्ष २०७६/७७ बाट अ.ल्या गरिएको | १३९५२७४३१.१४ |
| यातायात व्यवस्था कार्यालयबाट जम्मा भएको | २६६१ |
| नेपाल पब्लिक क्याम्पस संघ | १००००० |
| मिर्जना फाइनान्स लि. | ११००००० |
| प्रदेश सरकार | १००००००००० |
| स्थानीय सडक सहयोग ईकाई (संघीय सरकार) | ५०००००००० |
| सिद्धार्थ बैंक लि. | १०००००० |
| जम्मा कुल रु. | २८१७३००९२.१४ |
| संघीय सरकारको चार करोड घटेको रु. | २४१७३००९२.१४ |

स्रोत: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### कोरोना जनसुरक्षा कोषको खर्चको विवरण

११.१५ कोरोना जनसुरक्षा कोषको २०७७ चैत्र ३० गते सम्म जम्मा खर्च निकासा भएको रकम रु. १७ करोड ५० लाख ३८ हजार ३८६ मध्ये सामाजिक विकास मन्त्रालयबाट रु. १५ करोड ४८ लाख २६ हजार (८८.४५प्रतिशत) तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट रु. २ करोड २ लाख १२ हजार ३८६ (११.५५प्रतिशत) खर्च निकासा भएको छ ।

तालिका ११.५ कोरोना जनसुरक्षा कोषको खर्चको विवरण

(रु. लाखमा)

| मन्त्रालयगत जम्मा निकासा | रकम रु. |
|---|---|
| सामाजिक विकास मन्त्रालय | १५४८.२६ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २०२.१२ |
| जम्मा रु. | १७५०.३८६ |

स्रोत: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

चार्ट ११.४ कोरोना जनसुरक्षा कोषको खर्चको विवरण




### प्रकोप व्यवस्थापन

११.१६ आर्थिक वर्ष ०७७/७८ को चैत्र मसान्त सम्ममा प्रदेशमा बाढी, पहिरो, आगलागी, चट्याङ, हात्तीको आक्रमण लगायतका प्रकोपहरुबाट ज्यान गुमाउनेहरुमा सबभन्दा बढी झापामा ११ जना तथा सबभन्दा कम ओखलढुंगामा र सोलुखुम्बु १/१ जना रहेका छन् ।


तालिका ११.६ विपद्का घटनामा २०७७ चैत्र मसान्त सम्म मृत्यु भएका मानिसहरुको जिल्लागत विवरण

| जिल्ला | मृतक संख्या |
|---|---|
| इलाम | २ |
| ओखलढुंगा | १ |
| खोटाङ | ३ |
| झापा | ११ |
| ताप्लेजुङ | ४ |
| तेह्रथुम | ७ |
| धनकुटा | ४ |
| पाँचथर | ३ |
| भोजपुर | ३ |
| मोरङ | ५ |

| | |
|---|---|
| संखुवासभा | ३ |
| सुनसरी | ४ |
| सोलुखुम्बु | १ |
| जम्मा | ५१ |

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय

चार्ट: ११.५ प्रकोपबाट मृत्यु भएका व्यक्तिको जिल्लागत विवरण




## विपद घटनाको प्रकृति अनुसार मृतकको विवरण


११.१७ घटनाको प्रकृतिको आधारमा विपद् घटनाबाट ज्यान गुमाउने ५१ जना मध्ये सबैभन्दा बढि १३ जनाको मृत्यु बाढी पहिरोबाट भएको देखिन्छ भने सिमसार/खोलामा डुबेर ११ जना, चट्याङ लागेर १०जना, आगलागीबाट ३ जना लगायतको मृत्यु भएको देखिन्छ ।

तालिका ११.७ विपद घटनाको प्रकृति अनुसार मृतकको विवरण

| घटना प्रकृति | मृतकको संख्या |
|---|---|
| बाढी पहिरो | १३ |
| चट्याङ | १० |
| हात्तीको आक्रमण | १ |
| आगलागी | ३ |
| सिमसार/खोलामा डुबेर/बगेर | ११ |
| अरिगालको टोकाई | ३ |
| भीरबाट लडेर | १ |
| करेंट लागेर | १ |
| हिउँमा डुबेर | १ |
| रुख ढलेर | ३ |
| पावर हाउस बगाएर | २ |
| आगलागी | ३ |
| जम्मा | ५१ |

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय

चार्ट ११.६ घटना प्रकृति अनुसार मृतकको संख्या



प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, बिराटनगर, नेपाल
Ph. No. : 021-574168
Email : moeap.s1@gmail.com
website : moeap.p1.gov.np